मजदुर
The Worker Daily दैनिक
❍ ग्राहक बन्नु परेमा
❍ नवीकरण गर्नु परेमा
❍ पत्रिका नियमित नआएमा
❍ वितरकहरूसँग नगदी रसिद
बिना कारोबार नगरिदिनुहोला ।
मजदुर दैनिक
नगाँचा, कमलविनायक, भक्तपुर
लक्ष्मण तचामो
मो.नं. ९८०३६८७३२३

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com



विज्ञापनको निम्ति सम्पर्क
फोन नं ६६१९१०७
६६२०५५९

वर्ष : २६ ★ अङ्क : ८४ ★ ने. सं. ११४४ चौला थ्व, अष्टमी ★ मङ्गलबार ★ ४ वैशाख, २०८१ ★ April 16, 2024, Tuesday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## किम इल सङ जन्म दिवसमा जुछे विचारधारासम्बन्धी अन्तर्राष्ट्रिय विचार गोष्ठी




प्योङयाङ, अप्रिल १५ (केसीएनए) । स्वतन्त्रता, न्याय र मानवजातिको भविष्यका लागि जुछे विचारको महत्त्वसम्बन्धी अन्तर्राष्ट्रिय गोष्ठी अप्रिल १४ का दिन प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा इन्टरनेसनल इन्स्टिच्युट अफ द जुछे आइडियोलोजीको सह–आयोजनामा सम्पन्न भएको छ । इन्टरनेसनल इन्स्टिच्युट अफ द जुछे आइडियोलोजी (आइआइजेआइ) र कोरियन एसोसिएसन अफ सोसल साइन्टिस्ट्स (केएएसएस) ले राष्ट्रपति किम इल सङको ११२ औँ जन्मजयन्तीको अवसरमा आयोजित विचार गोष्ठीमा आइआइजेआइका महासचिव केनिची ओगामी, आइआइजेआइका उपमहानिर्देशक माटेओ कार्बोनेली र विभिन्न देश र क्षेत्रका जुछे विचार अध्ययन संस्थाका पदाधिकारी र प्रतिनिधिहरूको उपस्थिति थियो ।

उक्त कार्यक्रममा सामाजिक विज्ञान प्रतिष्ठानका अध्यक्ष थाई ह्योङ चोल र केएएसएसका प्रथम उपाध्यक्ष तथा सामाजिक विज्ञान क्षेत्रका वैज्ञानिक तथा अधिकारीहरूको पनि उपस्थिति थियो ।

सेमिनारमा केनिची ओगामीले उद्घाटन सम्बोधन गरेपछि थाइ ह्योङ चोलले बधाई ज्ञापन मन्तव्य राख्नुभएको थियो ।

त्यस अवसरमा स्वतन्त्रताको सिद्धान्तलाई अझ गहिरोसँग बुझ्ने र सुन्दर भविष्यतर्फ मानव जातिको प्रगतिलाई गतिशील ढङ्गले अघि बढाउने महत्त्वपूर्ण भेला हुने विश्वास व्यक्त गर्दै उहाँले स्वतन्त्र विश्व निर्माणमा सकारात्मक योगदान पुऱ्याउन जुछे विचारका अनुयायीहरूलाई आह्वान गर्नुभयो । उहाँले जुछे विचारधारा समयको महान् विचारको अग्रगामी र प्रचारक हुनुको सम्मान र मिसनको बारेमा सचेतसमेत गराउनुभयो ।

माटे ओ कार्बोनेली (:बततभय ऋबचदयलभर्ाषि) ले एक प्रमुख रिपोर्ट प्रस्तुत गर्नुभयो ।

ती पत्रकारले राष्ट्रपति किम इल सङ र अध्यक्ष किम जोङ इलको अमिट उपलब्धिको उच्च प्रशंसा गर्दै उहाँहरूले क्रान्तिमा जुछे विचारलाई पूर्णरूपमा लागू गरेर उत्तर कोरियालाई राजनीतिमा स्वतन्त्र समाजवादी राज्य निर्माण, अर्थतन्त्रमा आत्मनिर्भर र रक्षामा आत्मनिर्भर बनाउनुभयो । उहाँले आफ्नो सम्पूर्ण जीवन निर्माण गरी साम्राज्यवादविरोधी स्वतन्त्रताको विजयी प्रगतिमा आफ्नो सबै समर्पण गर्नुभएको बताउनुभयो ।

उहाँले महान् किमइलसुङ्गिजम–किमजोङ्गइलजमको मर्मलाई जनता–प्रथम सिद्धान्तको रूपमा प्रस्तुत गर्ने र राष्ट्रिय समृद्धिको व्यापकताको नयाँ युगमा प्रवेश गर्दै अन्तर्राष्ट्रिय न्यायको अनुभूतिका लागि प्रगतिशील मानवजातिको सङ्घर्षको नेतृत्व गर्ने आदरणीय कमरेड किम जोङ–उनको महान् व्यक्तित्वको उच्च प्रशंसा गर्नुभयो ।

उहाँले विश्वमा एकल मनको एकताको एक मात्र देश, समाजवादी किल्ला र आफ्नो नाउँमा सच्चा शक्तिशाली राष्ट्रको रूपमा प्रजातान्त्रिक लोकतान्त्रिक गणतन्त्र कोरियाले आफ्नो गरिमा र पराक्रमको प्रदर्शन गरिरहँदा एकपछि अर्को गर्दै विश्व चकित पार्ने चमत्कारहरू देखाउँदै आएको

बाँकी पृष्ठ ८ मा

## देशको अर्थतन्त्र पाइला पाइलामा विदेशी कम्पनीहरूको नियन्त्रणमा




भक्तपुर, ३ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख एवं कलेज सञ्चालक समितिका अध्यक्ष सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा ख्वप ई. कलेज र ख्वप कलेज अफ इन्जिनियरिङको संयुक्त आयोजनामा बिस्का जात्रा तथा नव वर्ष २०८१ को शुभकामना आदानप्रदान कार्यक्रम कलेजको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रममा अतिथि प्रजापतिले ख्वप विश्वविद्यालय स्वीकृतिको लागि पहल भइरहेको बताउँदै चुनौती सँगसँगै नयाँ नयाँ अवसर पनि आउने भएको हुँदा चुनौतीबाट नभागी त्यसको सामना गरी निरन्तर अगाडि बढे सफलतामा पुग्ने बताउनुभयो ।

भक्तपुर नगरपालिकाद्वारा सञ्चालित ख्वप अस्पतालले निरन्तर जनताको सेवा गरिरहेको चर्चा गर्दै उहाँले अस्पतालमा नेपाल सरकारले बीमाबापतको भुक्तानी धेरै रहेको कारण उपचारमा समस्या आउन सक्ने सम्भावना रहेको जानकारी गराउनुभयो । गएको वर्ष भुटानी शरणार्थी, सुन काण्ड, ललिता निवासलगायतमा उच्चपदस्थहरूसमेत जेलमा परेको स्मरण गर्दै उहाँले त्यसबाट शिक्षा लिँदै हरेक काम कानुनी प्रक्रियाअनुसार अघि बढाउन आग्रह गर्नुभयो ।

देशको राजनीतिलाई राम्रो बनाउन जनता राजनीतिकरूपमा सचेत हुनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले नेतृत्वमा बस्ने व्यक्तिले पदको लोभ होइन नयाँ नयाँ सोचले देशलाई अगाडि बढाउनुपर्छ भन्नुभयो ।

अतिथि प्रजापतिले विदेशी लगानी भित्र्याउने नाममा नेपाल सरकारले यही वैशाख १६ र १७ गते आयोजना गर्न लागिरहेको लगानी सम्मेलनसँगै देशको अर्थतन्त्र पाइला पाइला गरी विदेशी कम्पनीहरूको नियन्त्रणमा जाने खतराबारे पनि सचेत हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

जलविद्युत् आयोजनामा भारतको एकलौटी अधिकार जमाइरहेको हुँदा देश प्रत्यक्ष परोक्ष भारतीय विस्तारवादको चङ्गुलमा फस्दै गएको उहाँले स्पष्ट पार्नुभयो ।

उपप्रमुख रजनी जोशीले ख्वप विश्वविद्यालय स्थापना गर्ने उद्देश्यलाई साकार पार्न निरन्तर लागिरहेको जानकारी दिँदै अहिले ख्वप सर्कलबाट उत्पादन भएका जनशक्तिको माग दिनानुदिन बढ्दै गइरहेकोमा खुसी व्यक्त गर्नुभयो । उहाँले भक्तपुरमा मनाइने बिस्का जात्रा इन्जिनियरिङसँग सम्बन्धित रहेको जानकारी दिँदै भक्तपुरले चुनौतीलाई अवसरको रूपमा रूपान्तरण गर्दै आजको सफलता प्राप्त भएको जानकारी दिनुभयो ।

कार्यक्रममा ख्वप ई. कलेजका प्रचार्य सुजन माक, ख्वप कलेज अफ इन्जिनियरिङका प्राचार्य सुनिल दुवाल, ख्वप ई. कलेजका उपप्राचार्य डा. सुवेगमान बिजुक्छेँ, ख्वप कलेज अफ इन्जिनियरिङका उपप्राचार्य रत्नशोभा प्रजापति, विभागीय प्रमुखहरू योगेश बज्राचार्य र दिनेश गोठे, लेखा शाखा प्रमुख काजीबहादुर पञ्च, प्रशासन प्रमुख सञ्जय मानन्धर र राजन लाखाले २०८० सालको कार्यउपलब्धि र वार्षिक प्रगतिबारे जानकारी दिनुभयो ।

लोकतान्त्रिक व्यवस्थाको सुदृढीकरण गरौं

- लोकतन्त्रको संरक्षण र प्रवर्द्धनमा हातेमालो गरौं।
- राज्यलाई जनताप्रति उत्तरदायी बनाउन खबरदारी गरौं।
- काननी शासन सुनिश्चित गरौं।
- व्यक्तिगत स्वतन्त्रता र मानवाधिकारको सम्मान गरौं।
- लोकतान्त्रिक अधिकारको उपभोग गर्न पाउने अवस्था सुनिश्चित गरौं।
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था सुदृढीकरणमा योगदान गरौं।
- संविधान र काननको पालना गरी नागरिकको कर्तव्य निर्वाह गरौं।
- लोकतन्त्र दिवस भव्य र सभ्य रुपमा मनाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सत्तारुढ दलमा द्वैधचरित्र

काठमाडौँ, ३ चैत । हरेक राजनीतिक दलको स्पष्ट दृष्टिकोण र अडान हुन्छ, हुनुपर्छ । दलभित्र गुट उपगुट नै देखिए पनि सिद्धान्तअनुसारको विचार फरक फरक हुनु हुँदैन । स्पष्ट दृष्टिकोण नभएको दलले देश त के आफ्नै दललाई पनि राम्ररी अगाडि बढाउन सकिँदैन । एउटै दलभित्र कुनै पक्षले सरकारको समर्थन गर्ने र अर्को पक्षले विरोध गर्ने कुरा मिल्दैन । एक पक्ष सरकारमा सामेल हुने र अर्को पक्ष नहुने भन्ने कुरा दुई फरक फरक धार हो । नागरिक उन्मुक्ति पार्टीभित्र त्यस्तै द्वैधचरित्र देखिएको छ । त्यस पार्टीका दुई प्रदेशसभा सदस्यले सुदूरपश्चिम प्रदेशको मुख्य मन्त्रीको लागि दाबी पेस गरे । पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठले चौधरीको पक्षबाट कैलाश चौधरी र पार्टीका संरक्षक रेशमलाल चौधरीको पक्षबाट लक्ष्मणकिशोर चौधरीले मुख्य मन्त्री पदमा दाबी गरे । कैलाश चौधरी सत्तारूढ दल एमाले, माओवादी र रास्वपाको पक्षमा देखिएको छ भने लक्ष्मण चौधरी नेका, राप्रपा र एकीकृत समाजवादीको पक्षमा रहेको छ । एउटा पार्टीभित्र एक पक्ष सरकारको पक्षमा र अर्को प्रमुख विपक्षी दलको पक्षमा देखिनु राम्रो सङ्केत होइन ।

मुख्य मन्त्रीको लागि दुई जनाको दाबी पेस भएपछि कसलाई नियुक्ति गर्ने सन्दर्भमा अन्योल हुनु स्वाभाविक हो । तर, ढिलो चाँडो त्यसको उपाय खोजिएकै हुन्छ । यसले पार्टीभित्र थप विवाद निम्त्याउँछ । मुख्य मन्त्री बन्न नपाएको पक्ष असन्तुष्ट रहेको हुन्छ । त्यही असन्तोषको कारण पार्टी फुट्न बेर लाग्दैन । त्यस्तो बेला पार्टीमा आ–आफ्नो प्रतिष्ठाको विषय ठानी कुनै पक्षले आफ्ना समर्थक केन्द्रीय नेताहरूको बैठक बोलाएर पार्टी अलग भएको घोषणा गर्न सकिन्छ । पार्टीले स्पष्ट अडान राख्न सकेन या एउटै लाइनमा ल्याउन सकेन भने एकले अर्कोलाई पार्टीबाट निकाल्नेसम्मको निर्णय गर्न पछि पर्दैन । यसअघि रेशम चौधरी पक्षले इन्दिरा गिरीलाई सरकारमा राज्यमन्त्रीको रूपमा पठाएको थियो । यता पार्टीका अध्यक्ष रञ्जिताको पक्षले पार्टीको निर्णयविपरीत प्रदेश सरकारमा सामेल गरायो भनी कारबाही गरेको थियो । सर्वोच्च अदालतले अरूलाई 'पदबाट नहताउनू' भनी आदेश दिइसकेको छ । अध्यक्ष रञ्जिताले सरकारबाट तत्काल फिर्ता आउन संसदीय दलका नेता घनश्याम चौधरीलाई निर्देशन दिएकी थिइन् । तर, पार्टी अध्यक्षको निर्णयलाई कसैले स्वीकारेनन् । यी सबै घटनाक्रमलाई आधार मान्दा नाउपा पदको निम्ति राजनीति गरिरहेको पुष्टि हुन्छ । एउटै दलभित्र सरकारमा सामेल हुने या नहुने, मन्त्री बनाउने या नबनाउने र मुख्य मन्त्री पदमा दुई जना प्रदेशसभा सदस्यले दाबी गरेको घटनाबाट नागरिक उन्मुक्ति पार्टीको लाइन अस्पष्ट र अन्योल भएको स्पष्ट हुन्छ ।

नागरिक उन्मुक्ति पार्टीको लाइन दोधारे, अस्पष्ट भएझैँ एकीकृत समाजवादी

बाँकी पृष्ठ ८ मा



**टोखा-बिस्का जात्रा :** काठमाडौँको ऐतिहासिक, धार्मिक र पुरातात्त्विक महत्त्व बोकेको टोखा बजारमा सोमबार बिस्का जात्रा मनाउँदै जात्रालु । *तस्बिर : हरिराम भेटुवाल/रासस*

# निर्वाचनमा महिला सहभागिता बढाउन सुधार आवश्यक छ : प्रमुख आयुक्त थपलिया

काठमाडौँ, ३ वैशाख । प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले निर्वाचनमा महिलाको अर्थपूर्ण सहभागिता वृद्धिका लागि विद्यमान कानुन र सामाजिक वातावरणमा सुधार आउनुपर्ने बताउनुभएको छ ।

अन्तर्राष्ट्रिय महिला दिवसका सन्दर्भमा निर्वाचन आयोग र 'युएन वुमन' द्वारा सोमबार यहाँ आयोजित 'निर्वाचन र महिला : नेपालका प्रयास, उपलब्धि र आगामी कार्यदिशा' विषयक अन्तर्क्रियाको उद्घाटन सत्रमा प्रमुख आयुक्त थपलियाले कानुनले बाध्यकारी मानेका पदमा मात्रै महिलाको उम्मेदवारी दिने र समग्रतामा राजनीतिमा महिलाको उत्साहजनक सहभागिता नगराउने स्थिति रहेकाप्रति चिन्ता व्यक्त गर्नुभयो ।

नेपालको पछिल्लो निर्वाचनमा विजयी जनप्रतिनिधिको अवस्था सङ्ख्यात्मकरूपमा एसियाली मुलुकभन्दा माथि रहे पनि त्यसले मात्रै नेपालको संविधानको समानुपातिक समावेशीताको मर्मलाई आत्मसात् गर्न नसक्ने प्रमुख आयुक्त थपलियाको भनाइ थियो । "हाम्रो बुझाइमा राजनीतिमा महिलालाई क्षमताको अवमूल्यन गरिएको छ । उनीहरूलाई अधिकार र अवसरबाट वञ्चित गरिएको छ । समग्रतामा निर्वाचनमा उत्साहजनकरूपमा महिलाको सहभागिता हुने वातावरण बनिसकेको छैन", उहाँले भन्नुभयो, "यसमा कतिपय कानुनी अवरोधका पक्ष होलान्, कतिपय स्रोतसाधनका सीमा छन् । राजनीतिमा लागेका महिलालाई सामाजिक सञ्जाल र सञ्चारमाध्यमबाट हिंसा गरिएका उदाहरण पनि भेटिएका छन् । यी सबै अवस्थामा सुधारका लागि अन्तरपार्टी महिला सञ्जाललगायत समूहले थप सहजीकरण गर्नुपर्ने देखिन्छ ।"

हाल स्थानीय तहमा करिब ४२ प्रतिशत, प्रदेश तहमा ३६ प्रतिशत र सङ्घीय संसदमा ३४ प्रतिशत महिला सहभागिता रहेको छ । निर्वाचन आयुक्त डा. जानकीकुमारी तुलाधरले निर्वाचनबाट महिलाको अर्थपूर्ण सहभागिताका लागि महिला मतदाता बढाउनुपर्नेमा जोड दिँदै आयोगका तर्फबाट सहभागिता वृद्धिका लागि आवश्यक सहजीकरण भइरहेको जानकारी दिनुभयो ।

आयोगका सचिव रविलाल पन्थले नेपालको संविधानको धारा ३४ (४) बमोजिम राज्यका सबै तहमा समानुपातिक समावेशी सिद्धान्तका आधारमा प्रतिनिधित्व हुनुपर्ने भएकाले निर्वाचन व्यवस्थालाई लैङ्गिकमैत्री बनाउन आयोगले काम गरिरहेको बताउनुभयो ।

'युएन वुमन' का देशीय प्रतिनिधि पत्रिसिया फर्नाण्डेजले लोकतन्त्रको आधारभूत पूर्वयोग्यता नै राजनीतिमा महिलाको अर्थपूर्ण सहभागिता भएकाले यसको प्रवर्द्धन क्रियाशील हुनुपर्ने बताउनुभयो । विज्ञद्वय गोपालकृष्ण शिवाकोटी र सरु जोशीको प्रस्तुतीकरण रहने उक्त कार्यक्रममा समूहगत छलफलबाट निर्वाचनमा महिला सहभागिता वृद्धि, कानुनी सुधार र स्रोत साधनका विषयमा सुझाव दिइने बताइएको छ । **रासस**

# विपद्बाट गत वर्ष ४९३ जनाको मृत्यु, पाँच अर्बको क्षति

काठमाडौँ, ३ वैशाख । विसं २०८० मा विपद्जन्य घटनाबाट चार सय ९३ जनाको मृत्यु भएको छ । विपद्जन्य घटनामा परेर ३१ जना बेपत्ता भएका छन् भने एक हजार ६ सय १६ जना घाइते भएका छन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका सहसचिव भरतमणि पाण्डेका अनुसार कुल ६ हजार चार सय चार विपद्जन्य घटना भएकामा त्यसमा परेर ८० हजार सात सय १६ परिवार प्रभावित भएका थिए । विपद्जन्य घटनाका कारण कुल रु. पाँच अर्ब ४२ करोड ५६ लाखको क्षति भएको छ ।

गतवर्ष पहिरो, बाढी, डुङ्गा दुर्घटना, चट्याङ, सर्पदंश, आगलागी, भारी वर्षा, गैरप्राकृतिक विपद्, हुरीबतास, भूकम्प, फ्लु, जनावर आक्रमण, हिमपहिरो, डढेलो, हिमपातलगायतका घटना भएका थिए । गत वर्ष कार्तिकमा गएको जाजरकोट भूकम्पबाट सबैभन्दा बढी एक सय ५५ जनाको मृत्यु भएको प्राधिकरणको तथ्याङ्कमा उल्लेख छ । त्यसपछि धेरै क्षति आगलागीका कारण भएको सहसचिव पाण्डेले बताउनुभयो ।

मुलुकभर २०८० मा वैशाख १ देखि चैत ३० गतेसम्म आगलागीका चार हजार ६१ घटना भएका थिए । त्यसमा परेर एक सय ६ जनाको मृत्यु भएको थियो पाँच सय ६ जना घाइते भएका थिए । कुल पाँच हजार एक सय ३० परिवार प्रभावित भएका थिए । आगलागीबाट रु. दुई अर्ब ५२ करोडभन्दा बढीको क्षति भएको थियो ।

यसैगरी, गत वर्ष दुई सय ५० वटा चट्याङका घटना भएका थिए । त्यसमा परेर ४६ जनाको मृत्यु भएको थियो भने दुई सय २८ जना घाइते भएका थिए । जनावरको आक्रमणबाट ४५ जनाको मृत्यु तथा दुई सय ७८ जना घाइते भएका सहसचिव पाण्डेले जानकारी दिनुभयो ।

गत वर्ष उच्च उचाइका कारण १५, पहिरोमा परेर ५०, बाढीबाट १८, सर्पदंशबाट २०, हिमपहिरोबाट १२ र वन डढेलोबाट ११ जनाको मृत्यु भएको थियो । **रासस**

# बक्सिङका खेलाडीहरूबिच शुभकामना आदानप्रदान

भक्तपुर, ३ वैशाख । भक्तपुर जिल्ला बक्सिङ सङ्घको बिस्का जात्रा र नयाँ वर्ष २०८१ को अवसरमा शुभकामना आदानप्रदान र नियमित बैठक सोमबार सम्पन्न भयो ।

कार्यक्रममा नेपाल बक्सिङ महासङ्घका कोषाध्यक्ष गौतम सुजखुले गएको वर्षका कमी कमजोरीहरू सुधारेर प्रगति र दीर्घायुको कामना गर्दै वर्गमा विभाजित समाज भएकोले हुनेखानेले हुँदा खानेलाई दबाउने हुँदा काम गरी खाने तल्लो वर्ग एकजुट भएमात्र हामीलाई कसैले दबाउन र हेप्न नसक्ने बताउनुभयो ।

उहाँले एकता नै बल भएकोले हरेक कार्य सफल बनाउन समूह आवश्यक भएको बताउँदै सबैको विश्वास हुने गरी आर्थिक पारदर्शी हुनुपर्ने बताउनुभयो । उहाँले बहुमतको निर्णय र अल्पमतलाई कदर गर्ने संस्कार हुनुपर्ने बताउँदै विश्वासिला साथीहरू अझ अगाडि बढ्नुपर्ने बताउनुभयो ।

भक्तपुर जिल्ला बक्सिङ सङ्घका अध्यक्ष रामकृष्ण प्रजापतिको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा उहाँले अन्तरप्रदेश खेलकुद प्रतियोगिताबारे जानकारी दिँदै खेलाडीहरू अनुशासित बन्नुपर्नेमा प्रशिक्षकको अहम् भूमिका हुने बताउनुभयो । उहाँले रेफ्री/जजहरूलाई नातावाद, क्रिपावाद, लोभलालच र दबाबमा निर्णय नगरिकन अन्तर्राष्ट्रिय प्रतियोगितामा देशको नाम उच्च राख्न सक्ने गरी प्रदर्शन गर्ने खेलाडीलाई निष्पक्ष तरिकाले निर्णायकको भूमिका खेल्न आग्रह गर्नुभयो ।

कार्यक्रममा साजन लघु, केदार तुईतुई, राजन कुम्पाख, सुरोज ग्वाछा, लक्ष्मीप्रसाद चवाल, लक्ष्मण ग्वाछा, केशव कवां, जीवन कवां, आशराम सुवाल, कृष्ण तमखु, मन्जित प्रजापति, गणेश साँगामी, तुल्सीराम देशेमरु, दयाराम बेकोजु, राजु दुवालले नयाँ वर्ष र बिस्का जात्राको शुभकामना व्यक्त गर्नुभयो ।

# प्रा.वि. शिक्षकको सेवा प्रवेश तालिम दोस्रो दिन पनि चालु

भक्तपुर, ३ वैशाख । भक्तपुर नगरपालिका, नगर शिक्षा शाखाको आयोजनामा वैशाख २ गतेदेखि भइरहेको सेवा प्रवेश तालिम सोमबार पनि चालु रह्यो । आयोजक शिक्षा शाखाको विद्यालय अनुगमन तथा प्राविधिक सहयोग समितिका सदस्य ज्ञानसागर प्रजापतिले शिक्षकहरू जागिरे मनोवृत्तिबाट टाढा रही पेसामा समर्पित भएर लाग्नुपर्ने सुझाव दिनुभयो ।

उहाँले पराइको भर परेर कसैको प्रगति नहुने चर्चा गर्दै जस्तोसुकै कठिनाइसित पनि जुधेर अघि बढ्न सकेमात्र प्रगति हुने उदाहरण दिनुभयो ।

बाहिरी जिल्लाबाट आएका शिक्षकहरूको निम्ति सुरुमा केही अप्ठेरो जस्तो लागे पनि इमानदारीपूर्वक शिक्षण सेवामा लाग्नेहरूको निम्ति कुनै प्रकारको बाधा अड्चन नहुने कुरा विभिन्न जिल्लाबाट यहाँ आएर शिक्षण सेवामा लागिरहेका शिक्षकहरूबाट पुष्टि हुन्छ भन्नुभयो ।

पहिलो चरणको कार्यक्रमपछि त्रिवि शिक्षा विभाग विज्ञान तथा वातावरण एवं अनुसन्धान विभागका सहप्राध्यापक मोहन पौडेलले पाठ योजना निर्माणसम्बन्धी कार्यशाला सञ्चालन गर्नुभएको थियो । छुट्टाछुट्टै सात वटा समूह बनाई फरक फरक विषयमा पाठयोजना बनाई प्रदर्शन गर्न लगाइएको थियो । प्रदर्शित पाठयोजनामा देखिएका कमीकमजोरीमाथि टीकाटिप्पणी गरी परिमार्जनसहितको पाठयोजना तयार गरिएको थियो ।

# 'रुसको डिसेम्बर विद्रोह' पुस्तकको अध्ययन गोष्ठी

भक्तपुर, ३ वैशाख । नेपाल क्रान्तिकारी युवा सङ्घ भक्तपुर नगर समितिले नेक्रायुसङ्घ केन्द्रीय समितिद्वारा प्रकाशित 'रूसको डिसेम्बर विद्रोह' पुस्तकबारे सोमबार अध्ययन गोष्ठी गऱ्यो ।

कार्यक्रममा नेपाल मजदुर किसान पार्टीका वैकल्पिक केन्द्रीय सदस्य एवं नेमकिपा भक्तपुर नगर समितिका अध्यक्ष नारायणबहादुर दुवालले रूसका कुलीन खानदानका युवा सैनिकहरूले सन् १८२५ मा जार शासनको अत्याचारविरूद्ध प्रजातन्त्र स्थापनाको निम्ति गरेको विद्रोहको महत्त्वबारे युवाहरूमाझ चर्चा गर्नु सान्दर्भिक रहेको बताउनुभयो ।

जनतालाई नउठाइएसम्म कुनै पनि विद्रोह सफल नहुने शिक्षा उक्त पुस्तकबाट लिन सकिने धारणा उहाँले व्यक्त गर्नुभयो ।

उहाँले भन्नुभयो, "युवाहरूले देश र जनताको निम्ति आफ्नो प्राण दिएका सहिदहरूबाट शिक्षा लिनुपर्छ ।"

नेक्रायुसङ्घका केन्द्रीय अध्यक्ष मिनबहादुर बाटाले समाजवादी क्रान्ति सफल हुनको निम्ति राष्ट्रिय र अन्तर्राष्ट्रिय परिस्थिति अनुकूल हुनुपर्ने चर्चा गर्दै भारतीय विस्तारवाद र अमेरिकी साम्राज्यवाद नाङ्गिँदै गइरहेको बताउनुभयो ।

नेक्रायुसङ्घ भक्तपुर नगर समितिका अध्यक्ष जगतराम धुख्वाको सभापतित्वमा भएको उक्त कार्यक्रममा सुतेज दुवाल, कृष्ण गारू, नविना भैल, मनिष गोरा र रामप्रसाद ग्वाछाले पनि बोल्नुभएको थियो ।

# सिन्धुपाल्चोक र ललितपुरमा नेक्राशिसङ्घ गठन

सिन्धुपाल्चोक, ३ वैशाख । नेपाल क्रान्तिकारी शिक्षक सङ्घले सिन्धुपाल्चोक र ललितपुर जिल्लामा जिल्ला तदर्थ समिति गठन गरेको छ । सिन्धुपाल्चोक जिल्लाका विभिन्न स्कूलहरूमा कार्यरत शिक्षकहरूको भेलामा पार्टीका केन्द्रीय वैकल्पिक सदस्य नारायणबहादुर दुवालले शिक्षकहरू देशको समसामयिक राजनीतिबारे अद्यावधिक भएर बस्नुपर्नेमा जोड दिँदै सैद्धान्तिकरूपले आफू स्पष्ट भएर बस्न सके अरूको लहलहैमा नपर्ने बताउनुभयो ।

शिक्षकहरू आफ्नो विषयमा निपुण हुनुका साथै पेसागत धर्म इमानदारीका साथ निर्वाह गरे शिक्षक सङ्घका शिक्षकहरू अरूको लागि नमुना हुनसक्ने पनि उहाँले बताउनुभयो ।

उहाँले भन्नुभयो, "नेक्राशिसङ्घका शिक्षकहरू इमानदार भए त्यसको सकारात्मक प्रभाव पार्टीमा पर्नेछ ।"

भेलामा नेक्राशिसङ्घका केन्द्रीय अध्यक्ष ज्ञानसागर प्रजापति र शिक्षक सङ्घ भक्तपुरका अध्यक्ष गणेशराम थुसाले शिक्षकहरूको हकहित र नयाँ पुस्ताका विद्यार्थीहरूलाई सही दिशा निर्देश गर्न शिक्षक सङ्घको महत्त्वपूर्ण भूमिका रहनेमा चर्चा गर्नुभएको थियो ।

भेलाले सरजु फसिकवको अध्यक्षतामा नेक्राशिसङ्घ सिन्धुपाल्चोक जिल्ला तदर्थ समिति गठन गरेको छ भने वैशाख २ गते भएको अर्को शिक्षक भेलाले बुद्धिबहादुर सुवालको अध्यक्षतामा नेक्राशिसङ्घ ललितपुर जिल्ला तदर्थ समिति गठन गरेको छ ।

# वैशाख ६ र ७ मा बालबालिकालाई भिटामिन 'ए' खुवाइँदै

काठमाडौँ, ३ वैशाख (रासस) । सरकारले वैशाख ६ र ७ गते बालबालिकालाई 'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम' सञ्चालन गर्न सबै तयारी गरेको छ । भिटामिन 'ए' क्याप्सुल ६ महिनादेखि ५९ महिनाका बालबालिका तथा जुकाको औषधि एक वर्षदेखि पाँच वर्षसम्मका बालबालिकालाई खुवाइने छ ।

भिटामिन 'ए' करिब ३२ लाख बालबालिका र जुकाको औषधि करिब २९ लाख बालबालिकालाई खुवाइने छ । सरकारले बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नको लागि २०५० सालदेखि भिटामिन 'ए' क्याप्सुल र २०५६ सालदेखि जुकाको औषधि नियमित खुवाउन थालेको हो ।

'राष्ट्रिय भिटामिन 'ए' कार्यक्रम'को लागि ५२ हजार महिला स्वास्थ्य स्वयम्सेविका र १० हजार स्वास्थ्यकर्मी खटिने छन् । सरकारले प्रत्येक आर्थिक वर्षमा कार्तिक र वैशाखमा भिटामिन 'ए' र जुकाको औषधि बालबालिकालाई निःशुल्क खुवाउने गरेको छ ।

# इलाम र बझाङबाहेकका जिल्लामा मतदाता नामावली अद्यावधिक सुरु

काठमाडौँ, ३ वैशाख । निर्वाचन आयोगले सोमबारदेखि उपनिर्वाचन हुने इलाम र बझाङबाहेकका जिल्लामा मतदाता नामावली दर्ता र अद्यावधिक सुरु गरेको छ । आयोगले उपनिर्वाचन प्रयोजनका लागि गत फागुन १४ गतेदेखि मतदाता नमावली दर्ता कार्य स्थगित गरेको थियो ।

आयोगले उपनिर्वाचन हुने इलाम र बझाङमा यही वैशाख २५ गतेदेखि प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयबाट साबिकमा झैँ मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्य थालिने जनाएको छ ।

पेसा, व्यवसाय वा अन्य कुनै कारणले आफ्नो स्थायी ठेगानाभन्दा फरक अर्को कुनै जिल्लामा बसोवास गरिरहेका व्यक्तिले नाम दर्ताका लागि आवश्यक प्रमाण सहित प्रि-रजिष्ट्रेशन प्रणालीमार्फत आवेदन गर्न सक्ने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जानकारी दिनुभयो ।

त्यसरी आवेदन गर्ने व्यक्तिको नाम निजको स्थायी ठेगानामा रहने गरी बाहिरी जिल्लामा मतदाता नामावली सङ्कलनको कार्य विगतमा जसरी नै प्रदेश तथा जिल्ला निर्वाचन कार्यालयले गर्ने व्यवस्थालाई निरन्तरता दिइएको उहाँले जानकारी दिनुभयो ।

मतदाता नामावली अद्यावधिक कार्य सुरु भएसँगै नामावलीमा रहेको नाम, जन्म मिति, नागरिकतासम्बन्धी विवरण, बाबुको नाम, आमाको नाम, पति वा पत्नीको नाम, बाजेको नाम तथा वडाभित्रको मतदानस्थलसमेतगायत विवरणमा रहेको त्रुटि सच्याउन सकिने आयोगले जनाएको छ ।

मतदाताको नामावली सार्न, मतदाताको दोहोरो नाम हटाउन, नागरिकता त्याग, रद्द तथा मृत्यु भई नामावलीबाट नाम हटाउनका लागि निवेदन दिन र झूटा विवरण दिई मतदाता नामावलीमा नाम समावेश भएको भए उजुरी दिनसमेत सकिने आयोगका प्रवक्ता पौडेलले जानकारी दिनुभयो । *रासस*



सगरमाथा आधार शिविरमा नेपाल प्रहरीको गस्ती टोली

जिल्ला प्रहरी कार्यालय सोलुखुम्बुले सोमबार विश्वको सर्वोच्च शिखर सगरमाथाको आधार शिविरमा पुगेर पर्यटकसँग अन्तरक्रिया गरेको छ । प्रहरी नायब उपरीक्षक (डीएसपी) द्वारिकाप्रसाद घिमिरेको नेतृत्वमा खटिएका प्रहरी गस्ती टोलीले सोमबार आधार शिविरमा पुगेर शान्ति सुरक्षाका बारेमा पर्यटकहरूसँग सचेतनामूलक अन्तरक्रिया गरिएको छ ।"

*तस्बिरः सुवास दर्नाल/रासस*

# बोधिचित्तको रुख काटेको आरोपमा चारजना पक्राउ

काभ्रेपलाञ्चोक, ३ वैशाख । काभ्रेपलाञ्चोकको रोशी गाउँपालिका-५ नागबेलीस्थित बहुमूल्य बोधिचित्त ( बुद्धचित्त) को रुख काटेको आरोपमा प्रहरीले चार युवालाई पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा स्थानीय प्रभात तामाङ, श्यामकृष्ण मैनाली, मानबहादुर तामाङ र दुर्गालाल तामाङ रहेको जिल्ला प्रहरी कार्यालय धुलिखेलका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार श्रेष्ठले जानकारी दिनुभयो । उक्त समूहले गत बिहीबार राति विस्फोटक पदार्थसहित नागबेलीस्थित ठाकुरानी तामाङको बगैँचामा रहेको बहुमूल्य बोधिचित्तको एउटा रुख काटेको थियो ।

फूल फुल्दै गरेको बोधिचित्तको रुख काटिएको थियो । उक्त रुखमा फल्ने बोधिचित्त दाना यस वर्ष रु. तीन करोडमा बिक्री गर्न बैना गरिएको तामाङले बताउनुभयो । उहाँका अनुसार बिहीबार राति करिब १ बजे हातहतियारसहित आएका झण्डै २० जनाको समूहले डरत्रास देखाउँदै बोधिचित्तको रुख काटेको थियो ।

मैनाली र दुर्गालाललाई काभ्रेपलाञ्चोकको बनेपाबाट आइतबार पक्राउ गरेको हो भने प्रभातलाई शनिबार काठमाडौँको वनस्थलीबाट र मानबहादुरलाई रुख काटेकै दिन पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक श्रेष्ठले बताउनुभयो । प्रभात र मानबहादुरको म्याद थप गरी अनुसन्धान थालिएको छ । अन्य दुई जनाको म्याद थप गरी थप अनुसन्धान थालिने छ ।

प्रहरीका अनुसार रुखधनी तामाङको रुख काटेपछि घरका ढोका र आँगनमा चार सकेट बम राखिएको थियो । उक्त बमलाई धुलिखेलस्थित नेपाली सेनाको कालीजङ्ग गणले निस्क्रिय पारेको थियो । घटनामा संलग्न भएका अन्यको खोजी भइरहेको प्रहरीले जनाएको छ ।

यसैबिच पीडित ठाकुरानीले पक्राउ परेका चारसहित आठ जनाविरुद्ध आइतबार जिल्ला प्रहरी कार्यालयमा किटानी जाहेरी दर्ता गर्नुभएको छ । उक्त रुखमा फलेको फल चार वर्षअघि पनि लुटिएको थियो । रुख काट्ने समूहले नै उक्त समयमा फल लुटेको हुनसक्ने प्रहरीको अनुमान छ । बोधिचित्त मालाको तामाङ समुदाय र विशेषगरी तिब्बती तथा चिनियाँ समाजमा धार्मिक एवं सांस्कृतिक महत्त्व छ । *रासस*

# अवैध क्रसरले पिखुवाको पक्की पुल जोखिममा

भोजपुर, ३ वैशाख । भोजपुर नगरपालिका-१२ टक्सारमा सञ्चालित अवैध क्रसरका कारण पिखुवा खोलाको पक्की पुल जोखिममा परेको छ । मापदण्डविपरीत सञ्चालित क्रसरले भोजपुर नगरपालिका र रामप्रसाद राई गाउँपालिका जोड्ने पक्की पुल जोखिममा परेको हो ।

स्थानीयवासीको गुनासो बढेपछि जिल्ला अनुगमन समितिले क्रसरको स्थलगत अनुगमन गरेको छ । अनुगमनपश्चात् मापदण्डविपरीत क्रसर सञ्चालन भएको जिल्ला अनुगमन समिति संयोजक तथा जिल्ला समन्वय समिति प्रमुख कमल थुलुङले जानकारी दिनुभयो ।

पिखुवा खोला पुल निर्माणका क्रममा निर्माण व्यवसायी श्यामकुमार श्रेष्ठले विसं २०७६ मा क्रसर सञ्चालन गर्नुभएको थियो । पुल निर्माण सकिएपछि पनि क्रसर उद्योग निरन्तर सञ्चालन गरिएको हो ।

पुलबाट पाँच सय मिटर दूरीमा क्रसर उद्योग सञ्चालन गर्नुपर्ने कानुनी प्रावधान छ । यहाँ सञ्चालित क्रसर पुलबाट ५० मिटरमात्र नजिक रहेको अनुगमन समिति संयोजक थुलुङले बताउनुभयो ।

क्रसर राखेर गरिएको अवैध उत्खननले पुलसँगै पिखुवा जलविद्युत् आयोजना र बेलीब्रिजसमेत जोखिममा छन् । उहाँले भन्नुभयो, "अनुगमनका क्रममा यहाँ प्राकृतिक स्रोतको दोहन भएको पाइयो । खोलाले पुलसँगै अन्य संरचना बगाउने खतरा छ । प्राकृतिक स्रोतको दोहन हुँदा पनि भोजपुर नगरपालिका चुप लागेको देखिन्छ । क्रसरका सामान जफत गरी कारबाही गर्न भोजपुर नगरपालिकालाई निर्देशन दिएका छौँ ।"

आयोजना सम्पन्न भएपछि क्रसर तत्काल बन्द गर्नुपर्ने कानुनी व्यवस्था भए पनि सञ्चालनमै रहेको प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद सापकोटाले बताउनुभयो । प्रजिअ सापकोटाले भन्नुभयो, "पिखुवा खोलामा अवैध क्रसर सञ्चालनमा रहेको देखियो । सुरुमा पुल निर्माण प्रयोजनका लागि राखिएको क्रसर पुल बनेपछि पनि सञ्चालन भइरहेको देखिन्छ, यो अवैध हो ।"

अवैधरूपमा सञ्चालित क्रसरको सामग्रीको मुचुल्का तयार गरी सात दिनभित्र सूचना जारी गरेर लिलाम बिक्री गर्न नगरपालिकालाई निर्देशन दिएको प्रजिअ सापकोटाले बताउनुभयो ।

उत्खननकै कारण खोलाले धार परिवर्तन गर्ने अवस्थामा पुगेको छ । हाल क्रसरमा एक हजार तीन सय घनमिटर गिटी, एक हजार छ सय घनमिटर बालुवा र एक सय ५० घनमिटर ढुङ्गा सञ्चित छ । नगरपालिकाले ढुङ्गा, गिटी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड २०७७ विपरीत क्रसर सञ्चालन गरेको समितिको जिकिर छ ।

भोजपुर नगरपालिकाले भने निर्माण प्रयोजनका लागि क्रसर सञ्चालन गरिएकाले हटाउन नसकिने जनाएको छ । कानुनअनुसार क्रसर सञ्चालन गरिएको नगर प्रमुख कैलाशकुमार आलेले बताउनुभयो । केही प्रशासकले अनुगमनको बहानामा विकासमा अवरोध पुऱ्याउन खोजेको प्रमुख आलेको आरोप छ ।

उहाँले भन्नुभयो, "हामीले जिल्लाका आयोजना सञ्चालन गर्न क्रसर सञ्चालनको अनुमति दिएका छौँ । केही प्रशासक कुरा नबुझी कामलाई बाधा पुग्ने गतिविधिमा संलग्न हुनुभएको देखियो ।"

अनुगमन समितिले रामप्रसाद राई गाउँपालिका-४ स्थित दमाईटारमा रहेको सिद्धकाली स्याण्ड वासिङ उद्योगको पनि स्थलगत अनुगमन गरेको छ । यो उद्योगलेसमेत मापदण्डविपरीत क्रसर सञ्चालन गरेको समितिको ठहर छ ।

अनुमतिबिना क्रसर सञ्चालन गरिएको अनुगमन समितिका सदस्य कपिलदेव अधिकारीले बताउनुभयो । समितिले उद्योगलाई आवश्यक कारबाही गर्न गाउँपालिकालाई लिखित निर्देशन दिएको छ ।

रामप्रसाद राई गाउँपालिकाका उपाध्यक्ष वीरेन्द्र राईले 'आइई रिपोर्ट' तयार गरी रु. ३० लाखमा बोलपत्रअनुसार उद्योग सञ्चालनको सम्झौता गरेको बताउनुभयो । गैरकानुनीरूपमा गाउँपालिकाभित्र सञ्चालित क्रसरलाई कानुनी दायरामा ल्याउन पहल गर्ने उहाँले जानकारी दिनुभयो । *रासस*

# १२ वर्षीय बालकले बनाए विद्युतीय स्कुटर

तनहुँ, ३ वैशाख । तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौँडाका १२ वर्षीय बालक निश्चल रिमालले विद्युतीय स्कुटर बनाउनुभएको छ । स्थानीय नेपाल पुलिस स्कूलमा कक्षा ५ मा अध्ययनरत रिमालले रु. ७५ हजारमा एक सातामै विद्युतीय स्कुटर बनाएर सफल परीक्षण गर्नुभएको हो ।

महँगो इन्धनको विकल्पमा विद्युतीय स्कुटर बनाउने इच्छा जागेकाले सात दिनमै सफल भएको रिमालले बताउनुभयो । आफ्नो योजनामा बुबा नारायण रिमालले साथ दिनुभएकोले सम्भव भएको उहाँको भनाइ छ । एकपटक पूर्णरूपमा चार्ज गर्न करिब डेढ घण्टा लाग्ने र करिब १० किलोमिटर यात्रा तय गर्न सकिने स्कुटर बनाएको निश्चलको भनाइ छ ।

निश्चलले भन्नुभयो, "विद्युतीय स्कुटर बनाउन सात दिन लाग्यो, मानिस आएर हौसला दिनुभएको छ । झनै आत्मबल बढेको छ, अब विद्युतीय कार बनाउने योजनामा छु ।" निश्चलले स्कुटरमा मोटर, चार्जर, स्कुटरको पाङ्ग्रालगायत उपकरण जडान गर्नुभएको छ ।

छोराले सानै उमेरदेखि पढाइको अलावा बिग्रिएको पङ्खा, घडी, मोबाइल मर्मत गर्दै आएको बुबा नारायणले जानकारी दिनुभयो । छोराले आवश्यक सामग्री अनलाइनमार्फत खरिद गर्न माग गरेकोले आफूले सोहीअनुसार सहयोग गरेको उहाँको भनाइ छ । छोराले विद्युतीय कार बनाउने इच्छा व्यक्त गरेको र आफूले सकारात्मक प्रतिक्रिया दिएको उहाँले बताउनुभयो । "छोराले अब विद्युतीय कार बनाउँछु भनेको छ", नारायणले भन्नुभयो ।

नेपाल पुलिस स्कूलका प्रधानाध्यापक पुष्प रायक्षेत्रीले विद्यालयको अतिरिक्त क्रियाकलापमा विद्युतीय उपकरण बनाउन निश्चल अग्रसर रहने गरेको बताउनुभयो । निश्चलको क्षमतालाई बढावा दिन विद्यालयले सृजनात्मक वातावरण तयार गर्ने गरेको प्रधानाध्यापक रायक्षेत्रीको भनाइ छ ।

"पाँच कक्षा पढ्ने १२ वर्षीय बालकले बनाएको विद्युतीय स्कुटर देखेपछि हामी पनि छक्क परेका छौँ", प्रधानाध्यापक रायक्षेत्रीले भन्नुभयो । रासस

# कञ्चनपुरमा लागुऔषध मुद्दामा २१६ जना पक्राउ

महेन्द्रनगर (कञ्चनपुर), ३ वैशाख । विगत नौ महिनामा कञ्चनपुर प्रहरीले लागुऔषध दुर्व्यसन र ओसारपसार मुद्दामा १२ महिलासहित २१६ जनालाई कारबाहीको दायरामा ल्याएको छ ।

जिल्ला प्रहरी कार्यालय कञ्चनपुरका प्रमुख प्रहरी उपरीक्षक चक्रराज जोशीका अनुसार चालु आर्थिक वर्ष २०८०/९१ को चैत मसान्तसम्म लागुऔषध चरेश र खैरो हिरोइनसहित यहाँ १२ महिला र दुई सय चार पुरुष पक्राउ परेका छन् । उहाँका अनुसार पक्राउ गरिएका अभियुक्तबाट झण्डै तीन सय ग्राम खैरो हिरोइन र सात किलोग्राम चरेशसमेत बरामद गरिएको छ ।

"अभिभावकले छोराछोरीमाथि निगरानी नराख्दा सङ्गतमा परेर लागुऔषध प्रयोग र कारोबारमा लागेको पाइएको छ", प्रहरी उपरीक्षक जोशीले भन्नुभयो, "प्रहरी सक्रियताले लागुऔषध कारोबारको जालो भत्किँदै छ । स्वयम् नागरिक र अभिभावक पनि यो गम्भीर विषयमा चनाखो हुनुपर्छ ।"

जिल्लाका लागुऔषधको कारोबार हुने ठाउँ र भारतबाट लुकीछिपी ल्याइने सीमानाकामा प्रहरीले सक्रियता बढाएको प्रहरी उपरीक्षक जोशीले बताउनुभयो । "सीमा बस्तीदेखि सदरमुकामसम्म लागुऔषधको कारोबार देखियो", उहाँले भन्नुभयो, "हामीले चेतनामूलक कार्यक्रम पनि गरिरहेका छौँ ।" लागुऔषध मुद्दामा पक्राउ गरेका अधिकांश युवा छन् ।

प्रहरी उपरीक्षक जोशीले भन्नुभयो, "कारागारमा ३८ प्रतिशत कैदीबन्दी लागुऔषध मुद्दाका छन् । यसको नियन्त्रणका लागि प्रहरीसँगै सामूहिक प्रयास आवश्यक छ ।" लागुऔषध ओसारपसार नियन्त्रण गर्न भारतीय सुरक्षा निकायसित पनि समन्वय गरिरहेको उहाँले बताउनुभयो ।

त्यसैगरी, विगत नौ महिनामा प्रहरीले कञ्चनपुरबाट एक सय ६० फरार अभियुक्तलाई पक्राउ गरी आवश्यक कारबाही अघि बढाएको छ । यहाँका विभिन्न स्थानबाट भारतबाट अवैधरूपमा भन्सार छली ल्याएको रु. चार करोड ४२ लाख ८४ हजार मूल्य बराबरको सरसामान प्रहरीले बरामद गरी कञ्चनपुर भन्सार कार्यालय गड्डाचौकीको जिम्मा लगाएको प्रहरी उपरीक्षक जोशीले जानकारी दिनुभयो । *रासस*

# तोलामा रु. सात सयले बढ्यो सुनको मूल्य

काठमाडौँ, ३ वैशाख । स्थानीय बजारमा पहिलो धातुको मूल्य सोमबार प्रतितोला रु. सात सयले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आइतबारको तुलनामा सोमबार छापावाला सुन प्रतितोला रु. सात सयले वृद्धि भई रु. एक लाख ३७ हजार पाँच सय निर्धारण भएको छ । शुक्रबारको तुलनामा आइतबार रु. दुई हजार दुई सयले ओरालो लागेको छापवाला सुन सोमबार भने पुनः उकालो लागेको हो ।

यस्तै, तेजाबी सुन सोमबार प्रतितोला रु. एक लाख ३६ हजार आठ सय ५० निर्धारण भएको छ । त्यस्तै, चाँदीको मूल्य प्रतितोला रु. १५ ले वृद्धि भएको छ । आइतबार प्रतितोला रु. एक हजार सात सय कारोबार भएको चाँदीको मूल्य सोमबार रु. एक हजार सात सय १५ निर्धारण भएको छ । *रासस*

। सम्पादकीय ।

# मधेसी जनताको समस्या ज्यूँ का त्यूँ


मधेसी जनतामाथि भइरहेको शोषण, विभेद र अत्याचार अन्त्य गर्नको निम्ति तराईमा धेरै मधेसकेन्द्रित दलहरू देखिए । मधेसी जनताको मुक्तिको निम्ति खोलिएका ती दलका नेताहरूले देश टुक्राउने, मधेस अलग्ग गर्ने र उपत्यकालाई आर्थिक नाकाबन्दी गर्ने चेतावनीसमेत दिए । मधेसी दलका नेताहरू मधेसको मुद्दा उठाएर सत्तामा गए । तीनै नेताहरू मन्त्री, उपप्रधानमन्त्री र राष्ट्रपतिसमेत भए । तर, उनीहरू मधेसी जनताको मुक्ति तथा समस्या समाधान गर्नेतर्फ कहिल्यै लागेनन् । मधेसी जनतामाथि भइरहेको शोषण, दमन, विभेद अन्त्य भएन; अन्त्य गर्नेतर्फ कुनै पाइला चालेन । मधेसी जनतामाथि भइरहेको पीडा, शोषण अन्त्य गर्न बरू मधेसी जनता आफैँ सङ्घर्षमा होमे । तर, मधेसी दलका नेताहरूले साथ दिएनन्; ऐक्यबद्धता जनाएनन् । बरू मधेसी जनताको श्रम र पसिनामा रजाइँ गरेर, उनीहरूकै काँधमा चढेर मधेसी नेताहरू मन्त्री भए, ऐय्यासी जीवन बिताए ।

मधेसी नेताहरूले दलको नाम फेरिए पनि उनीहरूको सोच, चिन्तन सबै मधेसकेन्द्रित नै भइरहेकोमा शङ्का छैन । मधेसी जनताको विश्वास जित्न उनीहरूले दुइटा विषय अघि बढाए । एउटा सङ्घीयता हो भने अर्को नागरिकता । सङ्घीयता र नागरिकताको प्रसङ्ग उठाएर उनीहरूले मधेसी जनताको मत लिए । उनीहरूले विदेशीले पनि वंशजको आधारमा नेपाली नागरिकता लिन पाउनुपर्ने आवाज उठाए; सिंहदरबारको अधिकार गाउँ-गाउँसम्म पुऱ्याउनुपर्छ भनी सङ्घीयताको कुरा उठाए । सङ्घीयता र नागरिकताको विषय उत्थान गर्नुको अर्थ मधेसी जनताको विश्वास जितेर मन्त्री बन्नु नै थियो । उनीहरू पटक-पटक मन्त्री पनि भए । तर, तराईका सामन्त, जमिनदार, जालीफटाहा,प्रतिक्रियावादीहरूको नेतृत्वमा रहेको तराईकेन्द्रित दलका नेताहरूले तराईका शोषित-पीडित, उत्पीडित जनताको समस्या समाधान गर्लान् भन्ने कुरा आकाशको फल आँखा तरी मर भनेजस्तै हुनेछ ।

मधेसी जनताको मुक्तिको नाउँमा मधेसमा पटक पटक आन्दोलन पनि भयो । मधेसी आन्दोलनलाई सरकारले दमन गऱ्यो, दबायो । आन्दोलनकै क्रममा धेरै मधेसी जनताको निधन भयो । मधेसी नेताहरू मन्त्री पनि भए । तर, मधेसकेन्द्रित दल र तिनका नेताहरूले जनताको मुद्दालाई पाखामा थन्काए र सत्तामा गएर रजाइँ गरे । तराईमा खोलिएका दलका नेताहरूले न उखु कृषकहरूको आन्दोलनमा समर्थन जनाए, न आन्दोलनमा साथ दिए न त मिटरब्याज पीडित आन्दोलनमा नै बल पुऱ्याए । मधेसी जनता अहिले पनि अनेक समस्याबाट पीडित छन् । कहिले बोक्सी, कहिले बालविवाह, कहिले दाइजोको कारण मधेसी जनता प्रताडित छन् । उपेन्द्र यादव, महन्थ ठाकुर, राजेन्द्र महतोहरू मधेसले नै चिनाएका नेताहरू हुन् । अहिले तिनै नेताहरू मधेसका मुद्दाका लागि सत्तामा पुग्ने या मन्त्री बन्ने स्वार्थमा भुलेका छन् । यसकारण, मधेसी समुदायमाथि हुने गरेको सामाजिक विभेद र विभिन्न भेदभाव पनि अन्त्य हुन सकेन ।

तराई-मधेसका दलहरू समग्रमा देश र जनताप्रति समर्पित नभएको हुँदा, भारतीय एकाधिकार पुँजी र विस्तारवादको पक्षमा लागेको हुँदा ती दलप्रति मधेसी जनताको विश्वास एकपछि अर्को गुम्दै गएको हो । देशमा सबभन्दा बढी टुक्रिएको दल तराईकेन्द्रित दलहरू नै हुन् । छिनछिनमा फुट्ने र छिनछिनमा मिल्ने दलहरू पनि मधेसवादी दलहरू नै हुन् । सङ्कीर्ण र साम्प्रदायिक विचार बोकेकै कारण ती दलका नेताहरूले मधेस अलग्ग गर्ने चेतावनीसमेत दिएका थिए । आफ्नो दलको माग पूरा गर्नेतर्फ सरकारले चासो राखेन भनेर देश टुक्रा गर्ने धम्की दिने दल देशविरोधी दल हो । अहिले दलको नाम जनता समाजवादी, लोकतान्त्रिक पार्टी, जनमत पार्टी जे राखे पनि ती दलका नेताहरूको स्वार्थ साँच्चै मधेसी जनताको हित गर्न होइन, सत्ता स्वार्थ पूरा गर्न नै हो । मधेसी दलका नेताहरू सामन्त, जमिनदार, जालीफटाहा, शोषक भएको कारण ती दलले श्रमजीवी मधेसी जनताको प्रतिनिधित्व गर्दैनन्; गरिरहेका छैनन् । त्यसकारण, तराईमा शोषक, जमिनदार, जालीफटाहाहरूविरुद्ध किसान सङ्घर्ष चर्काउनुपर्छ; किसान सङ्घर्ष अघि बढाउनुपर्छ ।

# जति उफ्रे पनि कान्लामुनि !



भैरव रिसाल

जजसले जे जे भने पनि यो संसारको थिति मिल्न उत्पादनका साधन र सेवाहरूको सामाजिकीकरण (राष्ट्रियकरण) पछि मात्र कामदारहरूका छोराछोरीले माथिल्लो तहको पढाइ गर्न पाउँछन् । अन्यथा, जति भने पनि भ्यागुतो कान्लामुनिको कान्लामुनि नै हुन्छ । समाजका काम गरी खाने सबै सदस्यहरूको निम्ति उच्च शिक्षाको ढोकासमेत त्यहीबेला खुल्नेछ जब उत्पादनका साधनहरूको राष्ट्रियकरण हुन्छ । पुँजीपतिवर्गबाट आएका नयाँ पुस्ता आत्मकेन्द्रित भावनामा व्यक्तिगत महत्त्वाकाङ्क्षाहरू सल्बलाइरहन्छन् । त्यस्तै, गरिब परिवार र समुदायबाट आएका कति नयाँ पुस्तामा उत्साह र जाँगर कायम राख्न त्यो राष्ट्रियकरण अनिवार्य हुन्छ । पुँजीपतिवर्गबाट आएका नयाँ पुस्तामा आत्मकेन्द्रित भावना र व्यक्तिगत महत्त्वाकाङ्क्षा प्रधान गराउने महत्त्वाकाङ्क्षा र समुदायमा व्यक्तिगत प्रधानताको जगजगी कायम नै रहन्छ । गरिब परिवार र समुदायबाट आएका कति नयाँ पुस्तामा हीनताबोधका साथै सामूहिकता र व्यक्तिगत महत्त्वाकाङ्क्षा पनि समस्याको रूपमा रहन्छ । यसर्थ, आयको स्रोत सीमित व्यक्तिको कब्जामा रहनुहुँदैन ।

**समयमै आलोचना हुनुपर्छ**

समतावादी विचारका पक्षपाती संस्था वा राजनीतिक दलहरूका नयाँ पुस्तामा समेत पुरानो समाजको पातलो प्रभाव परेको हुन्छ । त्यसकारण, समाजवादी वा साम्यवादी विचार बोकेका संस्था वा राजनीतिक दलहरू बडो होसियारीका साथ क्रियाशील हुनुपर्छ । समाजवादी समाजमा समेत नयाँ पुस्तामा पुँजीवादी संस्थाले काम गर्ने हुँदा बैठक नै नगरी महत्त्वपूर्ण निर्णय पनि आफैँले गर्ने बानी हुन्छ । समितिका अरू सदस्यहरूलाई चानचुने सम्झने अरू प्रवृत्ति हुन्छ । त्यो प्रवृत्ति हटाउनैपर्छ । आलोचनाबाट त्यो अघि बढेको आफ्ना समान सदस्यहरूलाई तुच्छ सम्झने, हेप्ने र आफ्नै निर्णय लागु गर्ने जिद्दी गर्ने हुन्छन् । तसर्थ, समयमै आलोचना हुनुपर्छ । आलोचना भएन भने त्यो प्रवृत्तिले झन् बल प्राप्त गर्नेछ । संस्था र सङ्गठनमा विभाजनसमेत ल्याउन सक्नेछ । त्यस्ता महत्त्वाकाङ्क्षी सदस्यहरूलाई वर्ग शत्रुले छिट्टै आफ्नो हातमा कमजोरीले व्यक्ति वा संस्थाको ठुलो अहित गर्नेछ । यो कुरा देख्दा सानो भए पनि परिणाम नकारात्मक र बृहत् हुनेछ ।

**बुझ्न निकै अप्ठ्यारो**

समाजवादी समाजमा पनि अनेक वर्गीय, जातीय, धार्मिक र प्रादेशिक तथा साम्प्रदायिक भावनामाथि प्रतिज्ञानीहरूले खेल्ने अवसर पाउनेछन् । आफू कुनै विषयमा ठुलो भन्ने भावना वा म धन्य हुँ, शारीरिकरूपले बलियो पनि छु, धेरै शैक्षिक प्रमाणपत्रहरू प्राप्त गरेको छु भनी समाजलाई थर्काउने संस्था, समाज र राजनीतिक दलका समितिहरूलाई पनि संवेदनशील बनाउनैपर्छ, नत्र गलत प्रवृत्तिका कार्यकर्ताहरूले आत्मआलोचना नगरेमा वा आफ्ना गल्तीको अनुभव नगरेमा त्यस्तालाई समूहबाट अलग गर्नु आवश्यक हुन्छ । नत्र एउटा कुहिएको माछाले सम्पूर्ण पोखरी नै गन्हाउने हुनेछ । समाज र बहुमतलाई अस्वीकार गर्ने वर्गलाई ध्यान दिई निश्चित जातजाति र भाषाभाषीलाई प्राथमिकता दिँदा अनेक समाजवादी समाजहरूमा पनि अनेक जातीय विभेद देखिएको थियो । त्यसैको परिणामस्वरूप देशमै पुँजीवादको पुनर्स्थापना गर्न वर्ग शत्रु र साम्राज्यवादी शक्ति क्रियाशील हुन्छन् । यस्ता मसिना कुरालाई उपेक्षा गर्ने हो भने परिणाम नकारात्मक आउँछ । यो बुझ्न अलि अफ्ठ्यारो छ ।

**आफ्नो पार्टीप्रति समर्पण गर्नैपर्छ**

समतावादी विचारका पक्षपाती संस्थाहरू वा राजनीतिक दलहरूका नयाँ पुस्तामा समेत पुरानो समाजको कहीँ पातलो, कहीँ बाक्लो प्रभाव परेको हुन्छ । आफूलाई आफ्नो संस्था वा पार्टीप्रति समर्पण गर्नैपर्छ । छलफलमा पूर्ण प्रजातन्त्र हुनुपर्छ । पुरानो धनी र गरिब वा सामाजिकरूपले तल्लो र ठुलो जातको भेदभाव गर्नुहुन्न । हरेक दिन छलफलबाट या फरक मतको बेला बहुमतको निर्णयलाई मान्नैपर्छ । समानतामा अति समानताले यदाकदा निर्णय अघि बढ्न नसक्ने हुन्छ । त्यस्तो बेला माथिल्लो तहको निर्णय पर्खनुपर्ने हुन्छ । तल्लो तह माथिल्लो तहको निर्देशन र नेतृत्वमा चल्ने हुनुपर्छ तर समाजवादी समाजमा समेत नयाँ पुस्तामा पुँजीवादी संस्थाले काम गर्ने हुँदा अनेक बेथिति आउन सक्छ । क्रान्ति वा समाजको परिवर्तन एक व्यक्तिको वा नेतृत्वको इच्छा र आकाङ्क्षाले मात्र हुँदैन । यसका लागि सबै तहको एकमत हुन जरूरी छ । यसो भनेर जबरजस्ती एकमत गराउन पनि हानिकारक हुन्छ । कतिपय खराब कुरा स्वाभाविकजस्तो देखिन्छ । तर, त्यस्तो कुरा स्वाभाविक हुँदैन ।

**हात्ती आयो, हात्ती आयो फुस्सा !**

क्रान्तिको कुरा गर्न जति सजिलो छ, व्यवहारमा रूपान्तरण गर्न त्यति नै असजिलो र कठिन हुन्छ । सजिलोसँग क्रान्ति हुने भए यो संसारको स्वरूप नै अर्कै हुनेथ्यो होला । यो रहस्य कैयौँ ठुला पार्टीका ठुला नेता आत्मसात गर्न सक्दैनन् । परिणाम क्रान्ति बिथोलिन्छ । क्रान्ति बिथोल्नु भनेको महापाप हो । एकपटक बिथोलिएको क्रान्तिलाई सही बाटोमा हिँडाउन धेरै सूक्ष्म परिश्रम गर्नुपर्छ । क्रान्ति भन्न जति सजिलो छ, गर्न त्योभन्दा धेरै गाऱ्हो हुन्छ । सजिलोसँग क्रान्ति हुने भए संसारका धेरै मुलुकमा क्रान्ति भइसक्थ्यो तर भएको छैन । यसकारण, नेता र नेतृत्व परिपक्व र दूरदृष्टि भएको हुनुपर्छ । नेतृत्वले अलिकति तलमाथि गऱ्यो भने परिणाम अर्कै आउनसक्छ । त्यो परिणाम नचिताएको पनि हुनसक्छ । घाटे वैद्यले ज्येष्ठ नागरिकको प्राण यति बेला जानसक्छ भनेर अनुमान गर्न सक्छ तर क्रान्ति यस प्रकारको अनुमान गर्न सकिँदैन । रूस साम्यवादतिर जाँदै थियो । तर, स्तालिनको विवादास्पद निधनपछि अर्कै बाटो लाग्यो । यो एक पटक सफल भएर सधैँ टिकिरहन्छ भन्ने होइन भन्ने कुराको प्रमाण हो ।

**क्रान्तिमैत्री बाटो खोज्नु आवश्यक**

नेपाल एकातिर अर्कोको जमिनमा लोभ गर्नेहरूले नेतृत्व गरेको देश र अर्कोतर्फ त्यसो नगर्ने देशको बिचमा छ । यसलाई सर्वसाधारणले सजिलै बुझ्न भने दुई ढुङ्गाबिचको तरूल भन्ने दृष्टान्त दिएको छ । ढुङ्गा र तरूल फरक प्रकृति र स्वभावका भौतिक वस्तु हुन् । यसमा अलिकति मात्रै तल माथि पऱ्यो भने पनि परिणाम नचिताएको आउनसक्छ । यसर्थ, नेता र नेतृत्व साह्रै गम्भीर, साह्रै विश्लेषण गर्न सिपालु हुनुपर्छ । अन्यथा, माछो माछो भ्यागुतो हुन्छ । नेपाल अस्तिसम्म खाद्यवस्तुमा आत्मनिर्भर थियो । अब अहिले बाहिरबाट खाद्यवस्तु आयात भएन भने भोकभोकै मर्ने अवस्थामा पुगेको छ । यो प्रगति हो कि अगति हो ? गम्भीर भएर सोच्न जरूरी छ । कुनै पनि देशमा खाद्यपदार्थ, पानी, घाम र त्यसको व्यवस्थापन दरिलो तरिकाले भएन भने देशमा आपत्ति आउन सक्छ । यो वस्तुस्थिति कम नेताले मात्र बुझ्छन् । नेता र नेतृत्व आफैँ मात्र गर्ने हुनुपर्छ भन्ने सीमित सोच क्रान्ति विरोधी हो । क्रान्तिमैत्री बाटो खोजेर अगाडि बढ्नु आजको आवश्यकता हो । अन्यथा हात्ती आयो, हात्ती आयो फुस्सा हुनेछ ।

# अमेरिकी राजनीतिज्ञहरू र मिडियाले इस्लामोफोबियालाई बढावा दिँदै छन्

✍ यी सिन

छ वर्षीय प्यालेस्टिनी-अमेरिकी केटा वादी अल फायोम शिकागोमा आफ्ना आमाबाबुसँग खुसीको जीवन बिताइरहेको थियो । उसलाई आफ्ना साथीहरूसँग भकुण्डो खेल्न, पार्कमा पिङ खेल्न र सौर्यमण्डलको बारेमा सिक्न मनपर्थ्यो । ऊ वरपर छिमेकका मानिसहरूको लागि प्रिय बालक थियो । तर, सबै उसको जीवन छैटौँ जन्मदिनको आठ दिनपछि समाप्त पारियो । वादीलाई उसको घरमालिक, ७१ वर्षीय अमेरिकी वायुसेनाका अवकाश प्राप्त वृद्धले २६ पटक छुरा प्रहार गरी हत्या गऱ्यो । सबैभन्दा उक्त हृदयविदारक आक्रमण मध्यपूर्वमा भड्किएको युद्धको प्रभावको रूपमा गरिएको हिंसा मानिएको छ ।

शिकागोका मेयरले यसलाई ठीक विश्लेषण गर्दै भने, "यो एक विनाशकारी भूमिका इस्लामोफोबियाको खेल खेल्ने लाजमर्दो राजनीतिको ज्वलन्त परिणाम हो ।"

अमेरिकामा इस्लामोफोबिया ( इस्लाम धर्म मान्नेहरूसितको डर र उनीहरूमाथिको हिंसा) नयाँ होइन । यद्यपि, यो मुख्यतया ९/११ आक्रमणभन्दा पहिले नै भेदभाव र शत्रुताको आकस्मिक घटनाहरूमा प्रकट भएको थियो । अमेरिकाले आतङ्कवादविरुद्धको युद्ध सुरु गरेदेखि र धेरै इस्लामिक देशहरूमा आक्रमण गरेपछि यो अधिक व्यवस्थित र व्यापकरूपमा प्रकट हुँदै आएको थियो ।

यूसी बर्कले डाटाबेसका अनुसार, संरा अमेरिकाभरका ४४ राज्यले २३२ वटा शरियाविरोधी विधेयकहरू पेस गरे । ९३.७ प्रतिशत अमेरिकी मुस्लिमहरूले अनुभव गरेका छन् कि इस्लामोफोबियाले उनीहरूको भावनात्मक र मानसिक स्वास्थ्यलाई असर गरेको छ र ६२ प्रतिशतले धर्ममा आधारित शत्रुताको अनुभव गरेका छन् ।

अमेरिकी मिडियाहरू मुस्लिमहरूविरुद्ध पूर्वाग्रहलाई अगाडि बढाउने शक्तिशाली हातहरू बनेका छन् । प्यु रिसर्च सेन्टरको सर्वेक्षणअनुसार मुस्लिमहरूप्रति नकारात्मक धारणाहरू प्रायः मिडियामा जनताले सुन्ने र पढेका कुराहरूबाट आकार पाउने गरेको पाइएको छ । इस्लामलाई प्रायः हिंसात्मक धर्मको रूपमा प्रस्तुत गरिन्छ र मुस्लिमहरूलाई प्रायः संदिग्धरूपमा चित्रण गरिन्छ । २०११ को ओस्लो आक्रमणपछि, न्यु योर्क टाइम्स, द वाशिंगटन पोस्ट र एट्लान्टिक मासिकले अल-कायदामा औँला उठाउन वा मुस्लिमहरूको अपराधको बयान गर्नमा हतार गरे । यद्यपि, हत्यारा ३२ वर्षको गोरो छालाको युवक थियो र ऊ एक रूढीवादी ईसाई थियो ।

ब्रिघम योङ युनिभर्सिटीको अध्ययनले विगत २५ वर्षमा मुस्लिमहरूलाई क्यान्सर र कोकिनभन्दा पनि बढी नकारात्मकरूपमा चित्रण गरेको र अमेरिकी मिडियाले मुस्लिम अपराधहरूमा असमानतापूर्वक ध्यान केन्द्रित गरेको देखाएको छ ।

असहिष्णु मिडियाको अतिरिक्त, अमेरिकी अभिजातवर्गका राजनीतिज्ञहरूले पनि मुस्लिमहरूप्रतिको पूर्वाग्रहमा जोड दिइरहेका छन् । काउन्सिल अन अमेरिकन-इस्लामिक रिलेसन्समा सरकारी मामिला विभागका निर्देशक रोबर्ट म्याक्कालेले रिपब्लिकन पार्टीभित्र मुस्लिमहरूलाई दानवको रूपमा चित्रण गर्ने एउटा स्वीकार्य नेतृत्वदायी तह भएको टिप्पणी गरे । राष्ट्रपति अभियानहरू 'इस्लाम हामीलाई घृणा गर्दछ' जस्ता नाराहरूद्वारा विराम चिह्न लगाइन्छ, किनकि अमेरिकी मतदाताहरूमा मुस्लिमप्रतिको पक्षपात व्याप्त छ । ट्रम्प प्रशासनका वरिष्ठ सरकारी अधिकारीहरूले प्रायः इस्लामको बारेमा अनुपयुक्त टिप्पणी गरेको सुनिन्थ्यो । मुस्लिम समुदायलाई लक्षित गरी अमेरिका प्रवेशमा प्रतिबन्ध लगाउने एक मात्र देश हो ।

डेमोक्रायटहरूले कुनै राम्रो काम गरिरहेका छैनन् । मध्यपूर्वमा चलिरहेको द्वन्द्वमा हालको अमेरिकी सरकारको अडानले पक्कै पनि चीजहरूलाई अझ खराब बनाउँदै छ । अन्तर्राष्ट्रिय समुदायले गाजामा सर्वसाधारणको मृत्युमा शोक गरिरहेको बेला, अमेरिकी सरकारले गाजाको मृत्युको तथ्याङ्कमा शङ्का व्यक्त गरेको छ र निर्दोष मृत्युहरूलाई 'युद्धको मूल्य' भनेको छ । संरा अमेरिकाले इजरायललाई बन्दुक, क्षेप्यास्त्र र रकम पठाएको छ जबकि प्यालेस्टिनीहरूलाई मिनरल वाटरको बोतलबाहेक अरू केही प्रदान गरेको छैन ।

अमेरिकी न्याय विभागले युद्ध सुरु भएदेखि नै देशमा मुस्लिम, अरब र यहुदी समुदायहरूविरुद्ध रिपोर्ट गरिएको धम्कीमा वृद्धि भएको पुष्टि गरेको छ । यसले अफगानिस्तान, इराक, लिबिया र सिरियालगायत इस्लामिक देशहरूविरुद्ध अमेरिकी युद्धहरूको लामो इतिहासलाई पछ्याउँछ, जुन युद्धहरूमा लाखौँ मानिस बढी मारिएका थिए र अरु लाखौँ विस्थापित भएका थिए ।

यस्तो नीतिगत दृष्टिकोणको परिणामस्वरूप, अमेरिकी जनता झन् विभाजित र अस्थिर हुँदै गइरहेको छ । सङ्घीय जाँच ब्युरो - एफबीआई (FBI) को पछिल्लो तथ्याङ्कले २०२१को तुलनामा २०२२ मा राष्ट्रियरूपमा घृणित अपराधहरूमा लगभग सात प्रतिशत वृद्धि भएको देखाउँछ । यी घटनाहरूमध्ये ५९.१ प्रतिशत जाति, जातीय र वंशको भिन्नताबाट प्रेरित थिए ।

संरा अमेरिकाले यसैलाई लोकतन्त्रको प्रतिरूप, मूल्यमान्यताको रक्षक भएको घोषणा गर्छ । तैपनि उसको प्रणालीमा एक निर्दोष असुरक्षित ६ वर्षको बच्चालाई निर्ममतापूर्वक हत्या गर्न अनुमति दिइरहेको छ, जबकि पैसा र शक्तिशालीहरूले आफूलाई निरन्तर समृद्ध र सशक्त बनाउन षड्यन्त्र गर्छन् ।

*(लेखक पेइचिङस्थित अन्तर्राष्ट्रिय मामिलाका टिप्पणीकार हुनुहुन्छ ।)*

***पिपुल्स डेली : अनलाइनबाट***

***अनुवाद : प्रकाश***

# बझाङ र इलामको उपनिर्वाचनमा नेमकिपाको घोषणापत्रको सार र उम्मेदवार परिचय

## पार्टीको नीतिअनुसार जनताको सेवामा समर्पित शाही



**खगेन्द्रबहादुर शाही**
**बझाङ क्षेत्र नं. १ (क)**
**प्रदेशसभा उम्मेदवार**

सुदूरपश्चिम प्रदेशको कैलाली जिल्ला लम्कीचुहा नगरपालिका वडा नं ४ निवासी खगेन्द्रबहादुर शाही नेपाल मजदुर किसान पार्टीका केन्द्रीय सदस्य हुनुहुन्छ । उहाँको जन्म २०२४ सालमा दैलेख जिल्लाको लयांटी बिन्द्रासैनीमा भएको थियो । २०४१ सालदेखि नेपाल मजदुर किसान पार्टीका गतिविधिहरूमा संलग्न भएका शाही २०४६ सालको आन्दोलनमा सुर्खेत जिल्लामा सक्रिय हुनुहुन्थ्यो । २०५३-५४ सालमा महाकाली सन्धिको विरोधमा भएका जुलुस र सभाहरूमा सक्रिय शाहीले प्रतिगमनविरोधी जनआन्दोलनमा कैलाली जिल्लामा पार्टी गतिविधिको नेतृत्व गर्नुभयो । उहाँ २०७९ सालको निर्वाचनमा कैलाली जिल्ला क्षेत्र नं. ३ (क) मा पार्टीको तर्फबाट प्रदेशसभा सदस्य उम्मेदवार हुनुहुन्थ्यो ।

२०५५ सालमा कैलाली जिल्लाको लम्कीमा बसाइँसराइँ भएका खगेन्द्रबहादुर शाही शिक्षाप्रेमीको रूपमा परिचित हुनुहुन्छ । दुई दशकदेखि जिल्लाको पार्टी गतिविधिको नेतृत्व गर्दै आएका शाही २०६५ सालदेखि नेमकिपाको केन्द्रीय समितिमा हुनुहुन्छ । देशहितविरुद्ध भएका महाकाली सन्धि, एमसीसी सम्झौता, नागरिकता विधेयक, माथिल्लो कर्णाली जलविद्युत् आयोजनालगायतका सम्झौताविरुद्ध र जनजीविकासँग सम्बन्धित विषयहरूमा निरन्तर सङ्घर्षरत शाही देशभक्त तथा इमानदार कार्यकर्ता हुनुहुन्छ ।

उहाँ नेपाल मजदुर किसान पार्टीको नीति र घोषणापत्रअनुसार जनताको सेवा गर्ने र पार्टीको सिद्धान्तमा समर्पित हुनुहुन्छ । काठमाडौँको सेवा-सुविधा जिल्ला जिल्लामा पुऱ्याई देशको सन्तुलित विकास गराउन नेमकिपाको चुनाव चिह्न मादलमा छाप लगाई देशभक्त उम्मेदवार शाहीलाई अत्यधिक मतसहित विजयी गराउनुहुन सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

## यसकारण मादल चिन्हमा छाप लगाऔँ !

- माध्यमिक शिक्षा नि:शुल्क र अनिवार्य तथा विश्वविद्यालय शिक्षा नि:शुल्क गराउन,
- भक्तपुर नगरपालिकाबाट सञ्चालन हुने ख्वप विश्वविद्यालय विधेयक पारित गराउन,
- स्वास्थ्य सेवा नि:शुल्क र सुलभ गराउन,
- कृषि उत्पादनलाई आत्मनिर्भर बनाउन युवालाई स्वदेशमै रोजगारीको व्यवस्था गराउन,
- ज्येष्ठ नागरिक, अशक्त, टुहुरा-टुहुरीको आवश्यक व्यवस्था गराउन,
- हरेक प्रदेशमा प्रदेशस्तरीय विश्वविद्यालय र अस्पताल सञ्चालन गराउन,
- महिलाहरूको श्रमशक्ति वृद्धि गराउन र शिशुहरूको उचित पालन पोषणको लागि स्थानीय तहको वडा र टोल-टोलमा शिशुस्याहार केन्द्र तथा बालोद्यान सञ्चालन गराउन,
- छुवाछुत, छाउपडी, बोक्साबोक्सीलगायत अन्धविश्वासलाई अन्त्य गराउन,
- जमिन जोत्नेलाई वितरण गराई रासायनिक मल कारखाना स्थापना गराउन,
- किसान, मजदुर र कामदारवर्गको हितमा कानुन बनाउन,
- बढ्दो वातावरणीय प्रदूषण नियन्त्रण तथा स्थानीय तहबाट व्यवस्थित आवास योजना गराई देशको सन्तुलित विकास गर्न,
- प्राकृतिक स्रोत र सांस्कृतिक सम्पदा संरक्षण गर्न,
- भ्रष्टाचारी, कालाबजारिया, तस्कर, कानुन हातमा लिने, गुन्डागर्दी गर्ने दल र उम्मेदवारहरूलाई हराउन,
- देशलाई सिक्किमजस्तै बनाउन खोज्ने 'नेपाली लेन्डुपहरू' लाई परास्त गर्न,
- भारतीय एकाधिकार पुँजी र अमेरिकी साम्राज्यवादको हस्तक्षेपविरुद्ध सङ्घर्ष चालु राख्न,
- दुईदलीय तानाशाही व्यवस्थाउन्मुख नीतिलाई उदाङ्ग्याउन र प्रजातन्त्रविरोधी तीन प्रतिशतको मत सीमा खारेज गराउन,
- संसद्मा प्रखर प्रतिपक्षको भूमिका निर्वाह गरी प्रजातन्त्र र जनअधिकारको रक्षा गर्न,
- विदेशीले नागरिकता पाउने र नेपाली उद्योगी-व्यापारीलाई नाङ्ले पसलमा झार्ने नागरिकता ऐन खारेज गराउन,
- नेपाली युवालाई 'भाडाको सिपाही' बनाउने गोर्खा भर्ती खारेज गराउन,
- नेपाललाई भारतीय सुरक्षा छातामा राख्ने सन् १९५० को असमान सन्धि खारेज गराउन,
- कोसी, गण्डक, महाकाली, माथिल्लो कर्णाली, मुगु कर्णाली, फुकोट कर्णाली, अरुण-तेस्रो र पश्चिम सेतीलगायत देशघाती सन्धि-सम्झौता खारेज गराउन,
- राज्यको स्वामित्वमा देशको औद्योगिक विकास गराउन,
- पुँजीवादको विकास गर्ने भन्दै कार्यकर्तालाई भ्रष्टाचार र कमिसनमा लगाउने शासक दलहरूलाई हराउन,
- राजनीतिलाई देश र जनताको इमानदारीपूर्वक सेवा गर्ने क्षेत्र बनाउन ।

## क्रान्तिकारी तथा देशभक्त युवा उम्मेदवार दर्जी



**श्यामबहादुर दर्जी (हिमाल)**
**इलाम क्षेत्र नं. २**
**प्रतिनिधिसभा उम्मेदवार**

पिता यामबहादुर नेपाली र माता नरमाया नेपालीको छोरा श्यामबहादुर दर्जी (हिमाल) को जन्म वि.सं. २०४२ साल फागुन १ गते पाँचथर जिल्लाको साविक स्याब्रुङ्गवामा जन्मनुभएको हो । हाल उहाँ मोरङ जिल्लाको बेलवारी नगरपालिका वडा नं.७ सत्तार टोलमा बस्नुहुन्छ ।

देश र जनताको नि:स्वार्थ सेवा गर्ने नेपाल मजदुर किसान पार्टीको राजनीतिबाट प्रभावित उहाँ वि.सं. २०६२ सालदेखि पार्टीको नेपाल क्रान्तिकारी युवा सङ्घमा आबद्ध हुनुभएको हो । हाल उहाँ नेपाल मजदुर किसान पार्टीको मोरङ जिल्ला समितिको सदस्य हुनुहुन्छ । नेपाल मजदुर किसान पार्टीको गतिविधि र सङ्घर्षमा उहाँ निरन्तर सहभागी हुनुहुन्छ । भारतीय विस्तारवादले नेपालको इलामको पशुपतिनगरदेखि दार्चुलाको लिम्पियाधुरा र कालापानीसम्म अतिक्रमण गरेको भूमि फिर्ता लिन उहाँ सङ्घर्षरत हुनुहुन्छ ।

नेपाल क्रान्तिकारी युवा सङ्घ जिल्ला समिति मोरङको उपाध्यक्ष भएर उहाँले युवा आन्दोलनको अनुभव पनि सँगाल्नुभएको छ । अमेरिकी कानुन र नीति पालना गर्नुपर्ने एमसीसी सम्झौता र अमेरिकी सेनामार्फत नेपालको सैन्य ब्यारेक कब्जा गर्ने एसपीपी साझेदारी, जन्मको आधारमा नेपाली नागरिकता पाएका विदेशीका छोराछोरीलाई समेत नेपालको वंशजको नागरिकता दिने देशघाती नागरिकता विधेयक खारेजीको लागि उहाँ सक्रिय हुनुहुन्छ ।

नेपाल मजदुर किसान पार्टीको नीति र घोषणापत्रअनुसार जनताको सेवा गर्ने र पार्टीको सिद्धान्तमा समर्पित उहाँ एक देशभक्त युवा हुनुहुन्छ । उहाँ पेसाले यातायात मजदुर हुनुहुन्छ ।

काठमाडौँको सेवा-सुविधा जिल्ला जिल्लामा पुऱ्याई देशको सन्तुलित विकास गराउन नेमकिपाको चुनाव चिह्न मादलमा छाप लगाई देशभक्त उम्मेदवार श्यामबहादुरलाई अत्यधिक मतसहित विजयी गराउनुहुन सम्पूर्ण दिदीबहिनी र दाजुभाइहरूलाई हार्दिक अनुरोध गर्दछौँ ।

## नेमकिपाको घोषणापत्रको सार

- निर्वाचन क्रान्तिको सङ्केत दिने एक 'ब्यारोमिटर' हो ।
- नेपाली जनताले नेपाल मजदुर किसान पार्टीको **मादल** चिह्नमा छाप लगाई विजयी गराउनुभएमा निर्वाचित प्रतिनिधिले नेपाल र नेपाली जनताको हितमा छिट्टै मौलिक परिवर्तन ल्याउन आवाज उठाउनेछन् ।
- मल कारखाना खोल्ने, नहर र पानीपोखरीहरू बनाई सिँचाइको बन्दोबस्त गर्ने तथा कृषि विशेषज्ञ र किसानहरूको सल्लाहमा जिल्लाजिल्लामा कृषि विकासबारे योजना तत्काल सुरु गराउन आवाज उठाउनेछन् ।
- देशघाती एमसीसी (अमेरिकी स्वार्थको लगानी एवम् सैन्य मोर्चा), एसपीपी (अमेरिकी सेना आएर नेपालको सैनिक ब्यारेक कब्जा गर्ने सैन्य साझेदारी) खारेज गराउन सङ्घर्ष चालु राख्नेछन् ।
- कोसी, गण्डक, महाकाली, अरुण-तेस्रो, सेती, कर्णाली नदी योजना र 'नागरिकता विधेयक' पारित गरेको नेका नेतृत्वको सरकार अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको शिविरमा प्रवेश गरेको प्रस्ट हुँदै छ ।
- एमाले, माओवादी, रास्वपा, जसपालगायतका सत्ता गठबन्धन सिद्धान्तहीन भएको घामजस्तै छर्लङ्ग छ । केही स्थानको हारजितको विषयमा ध्यान केन्द्रित गरिनुको अर्थ नीतिगत सङ्घर्षमा ध्यान नदिनु र पुन: पुँजीवादी सत्ताको भागबन्डामा लाग्नु हो ।
- नेपाली काङ्ग्रेस नेतृत्वको गठबन्धन र एमाले नेतृत्वको गठबन्धन दुवै सारमा एउटै सिक्काका दुई पाता हुन् । यी दुवै सिद्धान्तहीन गठबन्धन पुँजीवादी सरकारको भागबन्डा गर्ने चाँजोपाँजो मात्र थियो ।
- मानव अधिकारको गम्भीर उल्लङ्घन गर्ने र ठुलठुला भ्रष्टाचार गर्नेलाई ज्यान सजाय हुने व्यवस्था भएकोलाई बहुदल पुन:स्थापनापछि कृष्णप्रसाद भट्टराई नेतृत्वको नेपाली काङ्ग्रेसको सरकारको पालामा खारेज गरियो । त्यसकारण, अहिले अपराधीहरूको मनोबल बढेको हो । त्यो कानुनलाई पुन:स्थापना गर्नु आवश्यक छ ।
- नेपालीको सम्पत्ति र पुँजी विदेशमा लैजान नपाउने ऐन–कानुन तत्काल बनाउन आवश्यक छ । ती पुँजीलाई देशकै विकासमा लगाउन राष्ट्रिय पुँजीलाई उत्साहित गर्नुपर्दछ ।
- अपराधीहरूको पक्ष लिने र अपराधलाई प्रोत्साहन गर्ने राजनीतिक दल, सङ्घ-संस्था र व्यक्तिलाई समेत अपराध गरेको मानी दण्ड-जरिवाना गराउन नयाँ कानुन जरुरी छ ।
- काम पनि नगर्ने, ठेक्का पनि नछोडी देश र जनतालाई धोका दिने ठेकेदारहरूलाई कडाभन्दा कडा सजाय दिनुका साथै ठेक्काबाट वञ्चित गर्ने ऐन-कानुन संसद्बाट तर्जुमा गर्नु आवश्यक छ ।
- शिक्षासँग खेलकुद, कला, गीत–सङ्गीत र संस्कृतिसमेत जोडिएको हुँदा शिक्षाको बजेट बढेमा स्वास्थ्य सेवाको खर्च कम हुनेछ ।
- नयाँ पुस्तालाई अङ्ग्रेजी वा विदेशी भाषा, गणित र विज्ञान विषयमा अब्बल



बनाउनुका साथै नागरिकशास्त्र, अर्थशास्त्र, भूगोल, इतिहास, संस्कृति र राजनीतिशास्त्रको अध्ययनमा ध्यान दिन सबै विश्वविद्यालयलाई घच्घच्याउन एक शैक्षिक अभियान र सङ्घर्ष आवश्यक छ ।
- औषधि व्यवस्था विभागभित्रको जनविरोधी, भ्रष्टाचारी र दोस्रो भन्सार कार्यालय प्रवृत्ति र अन्य भेदभावको विरोधमा जनस्तरबाटै कारबाही गर्न जनतासँग आह्वान गर्न/गराउनु आवश्यक छ ।
- डाक्टर, नर्स र अन्य स्वास्थ्यकर्मीहरूलाई सघन तालिम र अध्ययनपछि तत्काल आ-आफ्नो जिल्ला अस्पताल र दुर्गम स्थानमा खटाउने तथा सोअनुसार आर्थिक सहुलियत एवम् स्वास्थ्य सामग्री पनि उपलब्ध गराउन कडा नीति अवलम्बन गराउनु आवश्यक छ ।
- सामान उत्पादन र मर्मत गर्ने शिक्षासँगै सीप तालिम सञ्चालन गरिए आयात र व्यापार घाटा घटाउन मद्दत पुग्नेछ ।
- स्थानीय तहलाई स्वायत्तता र विकेन्द्रीकरणको अधिकार दिइएको खण्डमा सङ्घीयताको आवश्यकता नरहेको नेमकिपाको अडान अहिले पनि स्पष्ट छ ।
- जनताको सांस्कृतिक स्तरको उचाइले गाउँ र सहरलाई आ-आफ्नो खुट्टामा उभिन बल प्रदान गर्नेछ । यसले कम समयमै गाउँ र सहरको भेद हट्दै जाने कार्यमा योगदानको अनुभव गरिनेछ ।
- युक्रेनमा रुसविरुद्ध अमेरिकी छद्मयुद्धको विरोध गर्नु आवश्यक छ ।
- जर्जिया, अर्मेनिया, अजरबैजान, तुर्कमेनिस्तान, उज्वेकिस्तान, कजाकिस्तान, किर्गिस्तान र ताजिकिस्तानलाई समेत 'नाटो' को सदस्य बनाएर मस्कोदेखि ब्लादिभोस्तकसम्मको रुसी महासङ्घलाई नाटोमा आबद्ध गराउने अमेरिका र 'नाटो' को षड्यन्त्र हो ।
- रुसबाट अलग्ग भएका राज्यहरूलाई 'नाटो' मा संलग्न नगराउने आफ्नो वचनबद्धतालाई संरा अमेरिकाले निर्लज्जतापूर्वक घात गरेको छ ।
- सन् २०१४ देखि युक्रेनले बहुमत रुसी बसोबास भएको डोनबास र लुहान्स्क गणतन्त्रमा आक्रमण गऱ्यो ।
- अमेरिकी हतियार पाएको इजरायली फासीवादले प्यालेस्टिनी भूमि कब्जा र जातीय नरसंहार गरेकोलाई विरोध एवम् भर्त्सना गर्नु जरुरी छ ।
- कोभिड-१९ महामारी र संरा अमेरिकाले चीनविरुद्ध व्यापारयुद्ध सुरु गरेपछि संसारको अर्थतन्त्रमा नकारात्मक असर परेको हुँदा हातहतियारमा भइरहेको खर्बौं खर्ब रुपैयाँ खर्चलाई मानव जातिको हितमा खर्च गराउन आवश्यक छ ।
- अमेरिकामा राजनीतिक बन्दीहरूमाथिको अत्याचार बढ्दो छ भने अर्कोतिर धनी र गरिबको विभाजन झन्झन् फराकिलो हुँदै छ । अमेरिका आर्थिकरूपमा ऱ्हासोन्मुख अवस्थामा छ ।
- काश्मीर मामिला, श्रीलङ्काको आर्थिक सङ्कट, बङ्गलादेशको आर्थिक स्थिति र नेपालको राजनीतिक तथा आर्थिक समस्यामा भारतीय विदेश नीति नै जिम्मेवार छ ।




कोरियाली जनताका महान् नेता किम इल सङको ११२ औं जन्म दिवस (सूर्य दिवस) को अवसरमा प्रजग कोरियाको राजधानी प्योङयाङको भिक्ट्री स्क्वायरमा आयोजित सामूहिक युगल नृत्य कार्यक्रममा सहभागी हजारौं युगल जोडीहरू अप्रिल १४, २०२४ को साँझ । *तस्बिर : केसीएनए*

# चीनको नयाँ विकास खाका विश्वका लागि नयाँ अवसर प्रदायक

पेइचिङ, १५ अप्रिल (सीआरआई) । चिनियाँ कम्युनिस्ट पार्टीले देश चलाउन आर्थिक तथा सामाजिक विकासको मार्गनिर्देशन गर्न मध्यम र दीर्घकालीन योजनाको प्रयोग गर्नु महत्त्वपूर्ण तरिका भएकोमा जोड दिएको छ । यस पूर्ण बैठकको महत्त्वपूर्ण काम '१४ औं पञ्चवर्षीय योजना' अवधिमा चीनको विकासको दिशा औंल्याउनु हो । यो अवधि पहिलो ५ वर्षको हुनेछ जुन चीनले समाजवादी आधुनिक देश निर्माणको नयाँ यात्रालाई चौतर्फीरूपमा अग्रसर बनाउने छ र दोस्रो शताब्दी लक्ष्यको लागि अघि बढ्ने महत्त्वपूर्ण मार्ग तय गर्नेछ ।




अन्तर्राष्ट्रिय स्थितिबाट हेर्दा, हालको विश्वका ठुला परिवर्तनहरू द्रुत गतिमा भइरहेका छन् र नयाँ कोरोना भाइरसको महामारीले विश्वव्यापी आर्थिक र सामाजिक विकासमा गम्भीर प्रभाव पारेको छ । विश्वभरका सबै देशहरू पुनरुत्थानको नयाँ अवसरहरूको प्रतीक्षामा छन् । यस सन्दर्भमा, प्रमुख प्रस्थान बिन्दुहरूमा विश्वको दोस्रो ठुलो अर्थतन्त्रको विकास मार्गचित्र पक्कै पनि अन्तर्राष्ट्रिय समुदायको सामान्य अपेक्षा जगाउँदछ ।

बजार विश्वमा एक दुर्लभ संसाधन हो । चीनमा सुपर बजारको साथ कडा घरेलु परिसंचरणले अनिवार्यरूपमा अझ बढी विश्वव्यापी उच्च-गुणस्तरीय स्रोतहरू आकर्षित गर्दछ । यसैले अन्तर्राष्ट्रिय आर्थिक परिचालन र घरेलु र अन्तर्राष्ट्रिय प्रसारको पारस्परिक प्रवर्द्धनलाई महसुस गराउनेछ ।

# अमेरिकालाई थप फिलिपिन्स सैन्य अड्डामा पहुँच दिन मार्कोसद्वारा अस्वीकार

मनिला, १५ अप्रिल (एएफपी) । फिलिपिन्सका राष्ट्रपति फर्डिन्यान्ड मार्कोसले सोमबार अमेरिकालाई थप फिलिपिनी सैन्य अड्डासम्म पहुँच नदिइने बताउनुभएको छ ।

अमेरिका, जापान र फिलिपिन्सबिच त्रिपक्षीय सम्मेलनको केही दिनपछि मार्कोसको उक्त टिप्पणी आएको हो । सम्मेलनमा विवादित दक्षिण चीन सागरको तनाव एजेन्डाको शीर्षमा रहेको थियो । जलमार्ग र ताइवानको नजिक भएका कारण फिलिपिन्स क्षेत्रीय गठबन्धनलाई बलियो बनाउने अमेरिकी प्रयासहरूमा एउटा प्रमुख केन्द्र हो । ताइवानलाई चीनले आफ्नो भूमि भएको दाबी गर्दछ ।

मनिलाले गत वर्ष इडीसीए भनेर चिनिने सन् २०१४ को इनहान्स्ड डिफेन्स कोअपरेसन एग्रिमेन्टअन्तर्गत सहमत भएका पाँचमध्ये अमेरिकी सेनालाई प्रयोग गर्न अनुमति दिने शीर्ष चार वटा सैन्य अड्डाको घोषणा गरेको थियो । यो सम्झौताले अमेरिकी सेनालाई रक्षा उपकरण र आपूर्तिलाई चालु राख्न र भण्डारण गर्न अनुमति दिन्छ ।

थप इडिसिए साइटका बारेमा सोधिएको एएफपीको प्रश्नमा मार्कोसले भन्नुभयो, "यसको उत्तर छैन, फिलिपिन्सको थप इडीसीए आधार खोल्ने वा स्थापना गर्ने कुनै योजना छैन ।" उहाँले फिलिपिन्सका विदेशी पत्रकार सङ्घसँगको मञ्चमा आफ्नो टिप्पणी व्यक्त गर्नुभएको हो । मञ्चमा फिलिपिनी सेनाका सदस्य र विदेशी कूटनीतिहरू सहभागी हुनुहुन्थ्यो ।

गत साताको त्रिपक्षीय बैठकमा अमेरिकी राष्ट्रपति जो बाइडेनले आफ्नो सन्धि सहयोगी मनिलाको रक्षाका लागि वासिङ्टको 'दृढ समर्थन' को प्रतिबद्धता दोहोऱ्याउनुभयो ।

यद्यपि दुवै मुलुकबिच जटिल इतिहास छ र हालैका वर्षहरूमा दुवै मुलुकबिच सम्बन्धमा उतारचढाव देखिएको छ । तर, पनि उनीहरू सन् १९५१ को पारस्परिक रक्षा सन्धिमा बाँधिएका छन् ।

बाइडेन प्रशासनका शीर्ष अधिकारीहरूले दक्षिण चीन सागरमा कतै पनि फिलिपिन्सको सार्वजनिक जहाज, विमान, सशस्त्र बलहरू वा तटरक्षकहरूविरुद्ध 'सशस्त्र आक्रमण' सन्धिलाई लागु गर्ने बारम्बार दोहोऱ्याउँदै आएका छन् । हालैका वर्षमा तनावपूर्ण बनेको सम्बन्धमा दुवै मुलुकले सुधार ल्याउने प्रयास गर्दा गत वर्ष इडीसीएको विस्तार भएको थियो ।

# सुरक्षा खतराका कारण पेरिस ओलम्पिकको उद्घाटन समारोह सिन नदीबाट राष्ट्रिय रङ्गशालामा सर्न सक्छ- म्याक्रोँ

पेरिस, १५ अप्रिल (एएफपी) । फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोँले सुरक्षा खतराको अवस्थामा पेरिस ओलम्पिकको उद्घाटन समारोह सिन नदीबाट राष्ट्रिय रङ्गशालामा सार्न सकिने सोमबार बताउनुभएको छ ।

बिएफएमटिभी र आरएमसीसँगको अन्तरवार्तामा उहाँले टोलीहरूलाई सिन नदीमा नौकाहरूमा विहार गराउनुको सट्टा उद्घाटन समारोहलाई एफिल टावरबाट नदीपारि 'ट्रोकाडेरो' भवनसम्म सीमित गर्न सकिने र स्ट्याड डि फ्रान्समा पनि स्थानान्तरण गर्न सकिने बताउनुभयो ।

मुख्य रङ्गशालामा खेलहरू उद्घाटन गर्ने परम्परालाई तोड्दै पेरिस आयोजकहरूले ओलम्पिक इतिहासमा अभूतपूर्व समारोहको आयोजना बनाएका छन् । यद्यपि, युक्रेन र गाजामा युद्ध सुरु भएपछि आयोजकहरूले जुलाई २६ मा हुने उद्घाटन समारोहलाई लक्षित गरी कुनै भिन्नै स्थानमा सार्न सकिने भन्ने कुरालाई अहिलेसम्म अस्वीकार गरेका छन् ।

राष्ट्रपति म्याक्रोँले भन्नुभयो, "यो उद्घाटन समारोह विश्वमा सबैभन्दा पहिलो हो, हामी यो गर्न सक्छौँ र गर्न गइरहेका छौँ । तर, प्लान बी र प्लान सी छ जसमा समारोहलाई पेरिसको उत्तरमा स्टेड डि फ्रान्समा सार्ने समावेश छ, हामी वास्तविक समयमा यसको विश्लेषण गर्नेछौँ ।"

उहाँले खेलका क्रममा ओलम्पिक युद्धविरामका लागि 'हरसम्भव प्रयास' गर्ने बताउनुभयो । युद्धविराम ओलम्पिकको समयमा शान्ति कायम गर्ने ऐतिहासिक परम्परा हो । "हामी ओलम्पिक युद्धविरामको दिशामा काम गर्न चाहन्छौँ र यो मेरा लागि हाम्रा धेरै साझेदारहरूसँग संलग्न हुने अवसर भएको मलाई लागेको छ ।"

## विश्व सङ्क्षेप

### उच्चस्तरीय 'चौँधौ पञ्चवर्षीय' योजनाको तर्जुमामा प्रधानमन्त्री लिको जोड

पेइचिङ, १५ अप्रिल (सीआरआई) । 'चौँधौ पञ्च वर्षीय' योजनाको तर्जुमाले नयाँ विकास विचारधारालाई व्यवहारमा उतार्दै उच्च गुणस्तरको विकास र पूर्ण-क्षेत्र सुधारको प्रवर्द्धन गर्नुपर्छ । साथै यस योजनाले नयाँ विकास प्रारूपको निर्माण गर्दै जनताको दिन प्रतिदिन बढ्दो चाहनालाई पूरा गर्नुपर्छ ।'

चिनियाँ प्रधानमन्त्री ली ख छ्याङले हिजो अक्टोबर ३१ का दिन राज्य परिषदको 'चौँधौ पञ्च वर्षीय योजना सम्झौता' सम्बन्धी तर्जुमा कार्य निर्देशन टोली बैठकको अध्यक्षता गर्दै उक्त कुरा बताउनुभएको हो । उहाँले जोड दिनुभएअनुसार चीन निरन्तररूपमा विश्वको सबैभन्दा ठुलो विकासोन्मुख मुलुक हो । यस आधारमा उक्त योजनाको तर्जुमाले वास्तविकताबमोजिम विकासलाई प्रथम स्थानमा राख्नुपर्छ ।

नवीन शक्तिले विकासलाई प्रवर्द्धन गर्ने आधारमा आधुनिक उद्योगिक प्रणालीको विकास, भित्री चाहनाको विस्तार, राष्ट्रिय र अन्तर्राष्ट्रिय दोहोरो संरचणको प्रवर्द्धन, पर्यावरणीय सभ्यताको मजबुत निर्माण, जनताको जीवन स्तरको सुधार आदि क्षेत्रमा प्रयास गर्नुपर्नेमा पनि प्रधानमन्त्री लीले जोड दिनुभयो ।

### म्यान्मामा रकेट आक्रमणमा चारको मृत्यु, १२ घाइते

याङ्गुन (म्यान्मा), १५ अप्रिल (सिन्ह्वा) । मध्य म्यान्मारको माण्डाले क्षेत्रको पिन ऊ ल्विनमा भएको रकेट आक्रमणमा चार जनाको मृत्यु हुनुका साथै १२ जना घाइते भएको म्यान्माको राज्य प्रशासन परिषद्को सूचना टोलीले सोमबार जनाएको छ । माण्डाले क्षेत्रको पिन ऊ ल्विन सहरमा आइतबार राति आक्रमणकारीहरूले सहरलाई निशाना बनाई ११ वटा रकेट प्रहार गरेका थिए । पिन ऊ ल्विन जनरल अस्पतालको अर्थोपेडिक वार्ड, होटलसहित धेरै ठाउँमा हमला भएको सूचना टोलीले जनाएको छ ।

गुम्बामा भएको आक्रमणका कारण दुई बौद्ध भिक्षुसहित तीन जनाको मृत्यु भएको थियो भने एक जना घाइते भएका थिए । यसैगरी, आक्रमणमा पिन ऊ ल्विनको वार्डका एक स्थानीय बासिन्दाको पनि मृत्यु भएको छ ।

पिन ऊ ल्विन जनरल अस्पतालमा भएको आक्रमणका घाइते बालबालिका, बिरामी र कर्मचारीसहित ११ जनाको उपचार भइरहेको बताइएको छ ।

परम्परागत थिङ्यान वाटर फेस्टिभलका क्रममा गैर-सैन्य लक्ष्यहरूमा भएका आक्रमणहरू सार्वजनिक शान्ति र स्थिरतामा खलल पुऱ्याउने उद्देश्यले आतङ्कारीहरूले गरेको कार्यहरू भएको बताइएको छ । सुरक्षा बलले अपराधीहरूलाई पत्ता लगाउन र पक्राउ गर्न सुरक्षा व्यवस्था कडा गरिरहेको सूचना टोलीले जनाएको छ ।

### चीनको ऊर्जाको उत्पादन तथा उपभोग्य क्रमशः उकासिँदै

पेइचिङ, १५ अप्रिल (सीआरआई) । चीनको राष्ट्रिय ऊर्जा स्रोत व्युरोबाट थाहा भएअनुसार राष्ट्रिय ऊर्जास्रोतको उत्पादन र उपभोग्य क्रमशः उकासिँदै गएको छ । यस वर्षको जनवरीदेखि सेप्टेम्बरसम्म सम्पूर्ण समाजले विद्युत मात्राको उपभोग्य गर्ने मात्रा १.३ प्रतिशतले बढेको छ । प्राकृतिक ग्यासको उपभोग्य स्थिर बढ्दै गएको छ ।

यस वर्षको मार्चदेखि प्रतिमहिनाको उपभोग्य मात्रा सकारात्मक वृद्धिलाई कायम राख्दै छ । साथै तेल र ग्याँसको उत्पादन लगातार बढ्दै गएको छ । यस वर्षको अघिल्ला तीन त्रैमासिक अवधिमा कच्चा तेलको उत्पादन मात्रा १४ करोड ६० लाख टन रहेको छ भने गत वर्षको सोही अवधिको तुलनामा १.७ प्रतिशतले बढेको छ । प्राकृतिक ग्याँसको उत्पादन मात्रा १ खर्ब ३७ अर्ब १० करोड घन मिटर भएको छ भने गत वर्षको सोही अवधिको तुलनामा ८.७ प्रतिशतले बढेको देखिन्छ ।

### तेस्रो चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो आउने नोभेम्बरमा आयोजना हुने

पेइचिङ, १५ अप्रिल (सीआरआई) । तेस्रो चीन अन्तर्राष्ट्रिय आयात एक्स्पो सन् २०२० को नोभेम्बर ५ देखि १० सम्म साङ्घाईमा आयोजना हुने भएको छ । त्यसको लागि सञ्चारमाध्यम दर्ता सेवारत केन्द्र सेप्टेम्बर २४ देखि अक्टोबर २० तारिखसम्म खुला रहनेछ । महामारीको नियन्त्रणको कारणले तेस्रो आयात एक्स्पो मुख्यतया चिनियाँ पत्रकार तथा चीनको मुख्य भूमिमा रहेका विदेशी पत्रकारलाई निमन्त्रणा गरिएको छ । पत्रकारहरूले आधिकारिक वेभसाइट, एप्स तथा वीच्याट खातामा दर्ता गर्न पाउने जनाइएको छ ।

### ओमानमा मौसमसम्बन्धी दुर्घटनामा १२ को मृत्यु

दोहा, १५ अप्रिल (सिन्ह्वा) । ओमानका केही प्रान्तमा मौसमसम्बन्धी दुर्घटनामा कम्तीमा १२ जनाको मृत्यु भएको ओमान समाचार एजेन्सीले आइतबार जनाएको छ । ओमानको आपत्कालीन व्यवस्थापनका लागि राष्ट्रिय समितिको खोजी र उद्धार क्षेत्रलाई उद्धृत गर्दै गाडीलाई तीव्र वेगको पानीले बगाएपछि गाडीमा सवार उनीहरूको मृत्यु भएको जनाएको छ ।

मृतकमध्ये दुई जना वयस्क, नौ विद्यार्थी र एक जना विदेशी नागरिक रहेको रिपोर्टमा जनाइएको छ । उत्तरी ए'शार्कियाह प्रान्तमा बेपत्ता नागरिकहरूको खोजी तथा उद्धार प्रयास जारी रहेको बताइएको ।

# कति वन्यजन्तुमैत्री छन्, निकुञ्ज क्षेत्रका पूर्वाधार

भीष्मराज ओझा

सामान्यत: वन्यजन्तुबाट हुने क्षतिका बारेमा बढी चर्चा हुने गरेको छ । तर, मानवीय क्रियाकलापकै कारण बर्सेनि ठुलो मात्रामा हुने वन्यजन्तुको क्षतिबारे भने कम चर्चा हुन्छ । वन्यजन्तुबाट मानवीय क्षति, घरपालुवा जनावर, घरगोठ र कृषिबाली नष्ट हुने गरेको छ । त्यस्तै मानवीय क्रियाकलापका साथै चोरी सिकार, पूर्वाधार निर्माण र सडक दुर्घटना परेर वन्यजन्तुको क्षति हुन्छ ।

आर्थिक वर्ष २०७९/८० मा मात्र २० वटा संरक्षित क्षेत्रहरूमा विभिन्न ४७ किसिमका ५५८ वटा वन्यजन्तु र जीवको मृत्यु भएको थियो । त्यसमध्ये प्राकृतिक कारणले १८७, सडक दुर्घटनाबाट १४१, चोरी शिकारबाट १४, करेन्ट लागेर १०, नहरमा डुबेर २०, तारजालीमा परेर १४, कुकुरको आक्रमणबाट ११३, पासो/जालमा परेर पाँच, कारण नखुलेको २९ र अन्य कारणले २५ वन्यजन्तुको मृत्यु भएको थियो ।

यसरी मृत्यु भएका वन्यजन्तुमा गैँडा, बाघ, हात्ती, अर्ना, गौरी गाई, हिउँ चितुवा, कृष्णसार, चरी बाघ, चौका, चित्तल, रतुवा, निलगाईलगायत छन् । तराईका संरक्षित क्षेत्रहरूमा मृत्यु हुने वन्यजन्तुको सङ्ख्या बढ्दो छ भने पहाड तथा हिमाली क्षेत्रमा यो सङ्ख्या तुलनात्मकरूपले कम देखिन्छ । सबैभन्दा बढी वन्यजन्तुको मृत्यु चितवन राष्ट्रिय निकुञ्जमा ११८ र सबैभन्दा कम मकालु बरुण र खप्तड राष्ट्रिय निकुञ्जमा एक/एक भएको थियो ।

विश्व सम्पदा सूचीमा रहेको चितवन राष्ट्रिय निकुञ्ज र आसपास क्षेत्रमा पछिल्लोपटक पूर्वाधार विकासका कार्य तीव्ररूपमा बढेका छन् । यसै सन्दर्भमा वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका विभिन्न मोडेलबारे बहस भएका छन् । कतिपय स्थानमा त्यस्ता निर्माणको सुरुआत भएको छ । नारायणगढ-मुग्लिन सडक खण्डमा रहेको जलदेवी सामुदायिक वनअन्तर्गत आँपटारीमा पर्ने पुलमुनि वन्यजन्तुको ओहोरदोहोरका लागि बनाइएको 'अन्डरपास' प्रभावकारी देखिएको छ ।

भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका प्रवक्ता उमेशविन्दु श्रेष्ठका अनुसार सरकारले संरक्षण क्षेत्रमा 'वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८' अनुसार नै पूर्वाधार निर्माण गरिरहेको छ । उहाँ भन्नुहुन्छ, "नारायणगढ-हेटौडा-पथलैया सडक खण्ड विस्तार गर्ने योजनामा पनि निकुञ्ज र मध्यवर्ती क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार डिजाइन गर्ने काम सुरु भएको छ । दुई स्थानमा दुई/दुई किलोमिटर लामो सवारी साधनका लागि 'फ्लाईओभर' सडकको प्रस्ताव गरिएको छ ।" जैविक मार्गमा निर्माण हुने यस्ता 'फ्लाईओभर' सडकबाट वन्यजन्तुलाई ओहोरदोहोर गर्न सहज हुन्छ ।

वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न तुलनात्मक निकै खर्चिलो छ । तैपनि, जैविक विविधता र वन्यजन्तुको बासस्थान संरक्षण गर्न आवश्यक स्थानमा आर्थिक अवस्थाले धान्न सक्ने जति वन्यजन्तुमैत्री पूर्वाधार बनाउन लागिएको उहाँको भनाइ छ । "हाल निर्माणाधीन नारायणगढ-बुटवल सडक खण्डमा समेत जैविक मार्ग पर्ने विभिन्न १३ स्थानमा पुल कल्भर्टलाई केही माथि उठाएर वन्यजन्तुलाई आवतजावत गर्न मिल्ने गरी 'अन्डरपास' बनाउने काम भइरहेको छ" प्रवक्ता श्रेष्ठ भन्नुहुन्छ ।

वन्यजन्तुको आवतजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण गर्न वन्यजन्तुको बासस्थान र हिँडडुलका क्षेत्रमा निर्माण हुने रेखात्मक प्रकृतिका पूर्वाधार संरचनालाई वन्यजन्तुमैत्री बनाउन उक्त निर्देशिका बनाइएको हो । निर्देशिकामा राष्ट्रिय निकुञ्ज, आरक्ष, जैविक मार्ग वा रामसार सूचीमा सुचिकृत सिमसार क्षेत्रलाई अति संवेदनशील क्षेत्र भनी परिभाषित गरिएको छ । यस्तो क्षेत्रमा पर्ने सडक, रेलमार्ग, नहर, नदी नियन्त्रणसम्बन्धी बाँध, तटबन्ध, ग्यास तथा तेलका पाइप लाइन, विद्युत् आयोजनाका बाँधलगायत पूर्वाधार निर्माण गर्दा निर्देशिका लागु गर्नुपर्ने प्रावधान छ ।

विश्व वन्यजन्तु कोष (डब्लुडब्लुएफ) नेपालका राष्ट्रिय प्रतिनिधि डा. घनश्याम गुरुङ वन्यजन्तुमैत्री पूर्वाधार निर्माणमा सरकारले लागु गरेको नीति सकारात्मक प्रयत्न भएको बताउनुहुन्छ । यूएसआइडीको सहयोगमा डब्लुडब्लुएफ नेपालले पनि यस सम्बन्धमा काम गरिरहेको छ । उहाँ भन्नुहुन्छ, "वन्यजन्तुमैत्री पूर्वाधार निर्माण वन्यजन्तुका लागि मात्र होइन, यो त मानिस र घरपालुवा जनावरको सुरक्षाका लागि पनि हो । मानिसले गर्ने यातायातको सुरक्षाका लागि पनि यस्ता पूर्वाधार आवश्यक छन् ।"
वन्यजन्तुमैत्री पूर्वाधार भविष्यमा सस्तो हुन जान्छ

विश्वलगायत छिमेकी मुलुक भारतमा पनि यस्ता धेरै वन्यजन्तुमैत्री पूर्वाधार निर्माण भइसकेका छन् । नेपालले भर्खरै सुरु गर्न लागेकोले त्यस्ता अनुभवबाट नेपालले लाभ लिन सक्ने राष्ट्रिय प्रतिनिधि डा. गुरुङको भनाइ छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माण सुरुमा अलिकति महँगो देखिए पनि वन्यजन्तु र संरक्षण क्षेत्रको दिगो व्यवस्थापनले भविष्यमा सस्तो हुन जान्छ । बाघ, गैँडा हात्तीजस्ता वन्यजन्तु विश्वकै सम्पत्ति भएकोले यसमा लाग्ने थप खर्च दातृ निकायबाट अनुदानको रूपमा पनि लिन सकिन्छ ।

भायडक्ट, पुल, फ्लाइओभर, कल्भर्ट वा यस्तै प्रकृतिका पूर्वाधारको मुनिबाट वन्यजन्तु आवतजावत गर्न सक्ने अण्डरपास संरचना बनाउन सकिन्छ । त्यस्तै भिलेज रोड ब्रीज, इको ब्रीज, क्यानोपी ब्रीज वा यस्तै प्रकृतिका पूर्वाधारको माथिबाट वन्यजन्तु आवतजावत गर्ने ओभरपास संरचना बनाउनुपर्ने निर्देशिकामा उल्लेख छ ।

नेपालमा रहेका ११८ किसिमका पारिस्थितिकीय प्रणालीहरूमध्ये हालसम्म ८० किसिमका पारिस्थितिकीय प्रणालीहरू संरक्षित क्षेत्रभित्र पर्दछन् । यी पारिस्थितिकीय प्रणालीहरूको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले १२ राष्ट्रिय निकुञ्ज, एक वन्यजन्तु आरक्ष, एक शिकार आरक्ष, छ संरक्षण क्षेत्र र १३ मध्यवर्ती क्षेत्र घोषणा भई संरक्षण तथा व्यवस्थापकीय कार्यहरू सञ्चालन हुँदै आएका छन् ।

चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख डिलबहादुर पुर्जा पुन पनि पूर्वाधारमैत्री निर्माणबाट मात्र जैविक विविधताको दिगो संरक्षण गर्न सकिनेमा जोड दिनुहुन्छ । उहाँका अनुसार पूर्वपश्चिम राजमार्गको स्तरोन्नति गर्न निकुञ्जको टिकौलीमा पर्ने सडक खण्डमा वन्यजन्तु ओहोरदोहोर गर्नका लागि दुई किमि लामो 'फ्लाईओभर' राख्ने सहमति भएको छ ।

टिकौली र बरण्डाभारलगायत क्षेत्र मुलुककै लाइफ लाइन सडकखण्ड पनि हो । यस क्षेत्रमा भारतको बाल्मिकी निकुञ्जदेखि महाभारतसम्म जोड्ने जैविक मार्ग करिडोर पनि पर्छ, प्रमुख पुन भन्नुहुन्छ, "यस खण्डको विकासलाई पनि रोक्न सकिँदैन । जैविक विविधताको संरक्षणको लागि करिडोर जोगाउन वन्यजन्तुमैत्री पूर्वाधार निर्माण पनि अपरिहार्य छ ।" यसले गर्दा वन्यजन्तुको निरन्तर ओहोरदोहोर हुने र यातायातका साधन पनि २४ सै घण्टा निर्वाध सञ्चालन गर्न सकिन्छ ।

चितवन निकुञ्ज क्षेत्रमा पर्ने हुलाकी राजमार्गका सन्दर्भमा पनि कसरादेखि वनकट्टा क्षेत्रमा पर्ने ध्रुवा पोष्ट छेउबाट पनि यस्तै करिब दुई किमि लामो 'फ्लाईओभर' बनाउन सके जैविक विविधतालाई कम असर पर्ने आफूले सुझाव दिएको उहाँ बताउनुहुन्छ ।

नेपालले जैविक विविधता संरक्षणको क्षेत्रमा अवलम्बन गरेको विभिन्न नीति तथा योजना अन्तर्राष्ट्रिय मञ्चहरूमा उच्च प्रशंसा हुँदै आएको छ । त्यसका बाबजुद जैविक विविधता संरक्षणमा केही चुनौतीको सामना गर्नु परिरहेको छ । निकुञ्ज वरपर बढ्दो जनघनत्व र प्राकृतिक स्रोतमाथिको निर्भरता, वातावरणीय व्यवस्थापन योजना विनाका विकास निर्माण, जलवायु परिवर्तनको प्रभाव, मानव वन्यजन्तु द्वन्द्व तथा अव्यवस्थित भू-उपयोगका कारण संरक्षित क्षेत्रमा पर्न गएको असर मुख्य चुनौती हुन् ।

निकुञ्जको मृगकुञ्ज मध्यवर्ती उपभोक्ता समितिका निवर्तमान अध्यक्ष वासु ढुङ्गाना संरक्षण क्षेत्रमा वन्यजन्तुमैत्री पूर्वाधार नबनाउँदा संरक्षणका लागि प्रत्युत्पादक हुने गरेको बताउनुहुन्छ । जैविक विविधतामा असर पर्छ भनेर हाम्रो जस्तो विकासोन्मुख मुलुकले विकास निर्माणको काम रोक्नु पनि हुँदैन, तर जैविक विविधताको संरक्षणलाई नजरअन्दाज पनि गर्नुहुँदैन, उहाँ भन्नुहुन्छ, "वन्यजन्तुको ओहोरदोहोरको लागि 'अन्डरपास' र 'ओभरपास' आवश्यकताअनुसार बनाएर निर्माणको काम गर्नुपर्छ ।"

**क्षति न्यून गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक**

संरक्षित क्षेत्रका राजमार्ग, सडक वा अन्य स्थानमा मानव र वन्यजन्तुबिचको द्वन्द्वबाट हुने क्षति न्यूनीकरण गर्न वन्यजन्तुमैत्री पूर्वाधार आवश्यक पर्ने एक अध्ययनले देखाएको छ । रेखीय वा लामो प्रकृतिको पूर्वाधार (सडक, सिँचाइ, प्रसारणलाइन, रेलका लिङ्कलगायत) निर्माण गर्दा अपनाउनुपर्ने सावधानी र वातावरणीय पक्षप्रति ख्याल नगर्दा मानव-वन्यजन्तु द्वन्द्वका घटना बढेका छन् । यस्ता दुर्घटनाबाट जैविक विविधता संरक्षणमा गरेको खर्च खेर जाने र संरक्षणमा प्राप्त उपलब्धि मासिने देखिएको छ ।

नेपाल वातावरण पत्रकार समूह (नेफेज) ले केही समयअघि यस विषयमा सरोकारवाला निकायको ध्यानाकर्षण गराउने उद्देश्यले स्थलगत अध्ययन गरेको थियो । तराईका बारादेखि कैलालीबिचका सबै जिल्लाको स्थलगत अध्ययन गरेर प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा तराईका जिल्लामा भइरहेका भौतिक पूर्वाधारको अवस्था, प्रभावित क्षेत्र, पूर्वाधार निर्माणका सकारात्मक तथा नकारात्मक पक्ष, वन्यजन्तुमैत्री निर्माणका आधार, निर्माणको क्रममा सम्बोधन गर्नुपर्ने विषय तथा क्षेत्रलाई समेटिएको छ ।

अध्ययनमा पूर्व पश्चिम सडक विस्तार, हुलाकी मार्ग, सिँचाइ आयोजना (सिक्टा र रानीजमरा-कुलेरिया), मोतीहारी-अमलेखगञ्ज पाइपलाइन, चुरेमा निर्माणाधीन मदन भण्डारी राजमार्ग, ललितपुर-निजगढ फास्ट ट्र्याक, प्रस्तावित निजगढ विमानस्थललगायतका निर्माण आयोजनाहरूलाई समेटिएको छ । वन्यजन्तुमैत्री पूर्वाधार निर्माणका केही काम भए पनि ती पर्याप्त नभएको र हाल निर्माण भएकाभन्दा अझ स्तरीय र प्रभावकारी निर्माण आवश्यक देखिएको प्रतिवेदनको निष्कर्ष छ ।

वन्यजन्तु सजिलै र स्वतन्त्ररूपमा ओहोरदोहोर गर्नसक्ने खालका पूर्वाधार निर्माण गर्नुपर्ने, भौतिक पूर्वाधार निर्माण गर्नुपूर्व जैविक मार्ग, वन्यजन्तुको वासस्थान र संवेदनशील अवस्थामा रहेका 'बोटलनेक' (वन्यजन्तु ओहोरदोहोर गर्ने साँघुरो जैविक क्षेत्र) को नक्सा तयार गर्नुपर्ने प्रतिवेदनमा सुझाव दिइएको छ ।

प्रतिवेदनमा चितवनको बरण्डाभारस्थित राजमार्गमा वन्यजन्तु ओहोरदोहोर गर्न बनाइएको 'अन्डरपास' प्रभावकारी भएको पाइएको उल्लेख छ । वन्यजन्तुको बासस्थान, गतिविधिलगायत अध्ययन गरेर मात्र 'अन्डरपास' र 'ओभरपास' बनाउनुपर्ने सुझाव दिइएको छ । यसका लागि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, सडक विभाग, केन्द्रीय तथा प्रादेशिक सम्बन्धित मन्त्रालय, मध्यवर्ती क्षेत्र विकास परिषद्, संरक्षण क्षेत्र तथा वन उपभोक्ता समूहबिच सहकार्य तथा समन्वय अनिवार्य छ ।

स्थानीय तहमा तीव्रगतिमा भइरहेका सडक, सिँचाइ, रेलमार्गलगायतका निर्माण कार्यलाई जैविक विविधतामैत्री बनाउनुपर्ने, ठुला सिँचाइ, नहर र कुलोको दुवै किनारमा फेन्सिङ गरी वन्यजन्तु स्वतन्त्ररूपमा ओहोरदोहर गर्न मिल्ने गरी उपयुक्त र वैज्ञानिक पूर्वाधार निर्माण गर्नु आवश्यक छ । ***रासस***

# जीवन व्यवस्थापनको अनुभूति

जे.पी. तिमिल्सिना

बिहानको मिर्मिरेमा बाहिरी वातावरण सफा थियो । आकाश खुलेको थियो । चिसो मौसम बिस्तारै घट्दै थियो । दिउँसो गर्मी बढे पनि साँझ बिहान भने अलिअलि चासो थियो । धेरै दिनको कार्यव्यस्तताले थकित शरीरले केही आराम खोजिरहेको थियो । हल्का शारीरिक र मानसिक थकानको महसुस भएको थियो । मानिस दिनरात धन, सम्पत्ति, पद र प्रतिष्ठाको लागि दौडिरहेको हुन्छ । पर्याप्त धन र सम्पत्तिले आनन्द प्राप्तिको आशा गरेको हुन्छ । उच्च पदले सन्तुष्टि पाउने अपेक्षा गरेको हुन्छ । बाहिरी दुनियाँमा पाइने कुनै पनि चिजबिज तथा वस्तु, मानमर्यादा र पदले आनन्द प्राप्त हुने भए राजगद्दीको हकदार गौतम बुद्धले दरबार छोड्नुपर्ने थिएन । नेपालमै पनि कैयौँपटक प्रधानमन्त्री भएर असफल हुँदा पनि पदकै लागि न्याल चुहाउने थिएनन् । सबैभन्दा ठुलो सम्पत्ति भनेको धन दौलत होइन, पद प्रतिष्ठा होइन । सुख, शान्ति र आनन्द प्राप्त गर्ने सबैभन्दा ठुलो धन वा सम्पत्ति भनेको 'मन को शान्ति' हो सहयोग र नि:स्वार्थ सेवाको भावना हो । कुनै पनि वस्तुले दिन नसकेको आनन्द मनको शान्तिले दिन्छ । घर, घडेरी, खेतबारी, बैङ्क ब्यालेन्स, सुन चाँदी, हीरा मोति, छोरा, छोरी, नातागोता जति धेरै भए पनि मनमा शान्ति छैन भने खुसी र आनन्द पाउन सकिँदैन । त्यसैले, हरेक व्यक्तिको खोजीको विषय मनको शान्ति हुनुपर्छ । हाम्रो मन सधैँ अस्थिर भइरहेको हुन्छ । मनको शान्ति त सबैले भन्छन् । तर, मनको स्वभाव धेरै चञ्चल र गतिशील हुन्छ । मनलाई एक ठाउँमा स्थिर बनाउनु अति कठिनको विषय हो भन्ने कुरा सबैले बुझ्दैनन् । यो मन हाम्रो शरीर घरमा पुग्दा, सहरमा डुलेको हुन्छ, सहरमा गए घरतिर फर्कन्छ । स्कूल, कलेज र अफिसमा गए घरतिर हुन्छ भने घरमा हुँदा बाहिर भौतारिएको हुन्छ । यो मनले कुनै एउटा वस्तु खोज्छ, त्यो पाउँदा अझै अर्कोतिर दौडिन्छ । यसरी दौडिरहने मनले आज मलाई पनि छोडेन । यो अस्थिर मनलाई आफ्नो बसमा कसरी राख्न सकिएला ? किन दौडिरहेको हुन्छ यो मन ? यो मनलाई अशान्त बनाउने कारण के होला ? कुन कुन तत्त्वहरूले हाम्रो मनलाई अनियन्त्रित गरेको होला भनेर धेरै बेर सोचविचार गरेँ । अन्तरमनमा खोजतलास गरेँ । आफूले सुनेका, पढेका, भोगेका उपायहरू बुद्धका महावाणीहरू सम्झने प्रयास गरेँ । अनेकौँ कारणले हाम्रो मनलाई अशान्त बनाउने महसुस गरियो । अनगिन्ती कारणहरू भए पनि आज तीनवटा मनको शान्ति भङ्ग गर्ने साझा दुश्मनलाई अलिकति चर्चा गर्न खोजेको छु ।

मनको शान्तिलाई भङ्ग गर्ने पहिलो दुश्मन हो 'रिस' । हामीभित्र हुने रिसले सबैभन्दा धेरै ९० प्रतिशतभन्दा बढी मनको शान्ति भङ्ग गर्दछ । रिस भनेको विष हो । जहाँ विष राखिन्छ त्यहीं विष लाग्छ भनेझैँ हामीले रिस हाम्रो दिमागमा राख्छौँ, हाम्रो दिमागलाई तहसनहस पारेर हामीसँग भएको सबै शान्ति खल्बल्याई दिन्छ । हाम्रो जीवनमा आउने सानातिना रिसले नै हामीलाई असफलता, दु:ख, पीडा दिन्छ । जसले रिसलाई रोक्न सक्छ उसले नै मनको शान्ति प्राप्त गर्छ र खुसी हुन्छ । त्यसैले हामीले बुझ्नुपर्छ कि मनलाई अशान्त बनाउने, दु:खी बनाउने दुश्मन रिस हो । रिसलाई आफ्नो बसमा ल्याउनसक्नु नै आनन्दको बाटो पहिल्याउनु हो । यो दुश्मनबाट बच्ने एउटा सूत्र छ त्यो हो, 'गल्ती भए झुक्नु, रिस उठे रुक्नु ।' सानो ठुलो जेजस्तो गल्ती भए पनि माफी माग्न र झुक्न सक्नुपर्छ भने कहिलेकाहीँ रिस उठेको छ भने हामीले कुनै पनि काम वा निर्णय गरिहाल्नु हुँदैन । रिसमा गरेको कुनै पनि कार्यले सफलता मिल्दैन । त्यसैले गल्तीमा झुक्नु र रिसमा रुक्नु भनिएको हो ।

मनको शान्ति भङ्ग गर्ने दोस्रो दुश्मन हो 'चिन्ता' । हाम्रा पुर्खाहरूको भनाइ छ, चिन्तनले शिखर पुगिन्छ भने चिन्ताले चितामा पुगिन्छ । हामी विगतमा भएका नकारात्मक घटनाहरूलाई मनमा खेलाइरहन्छौँ । यो नहुनु थियो, यस्तो हुनुपर्ने, भयो, उस्तो भयो, खराब भयो, बिग्रियो, खेर गयो, यस्तो नभएको भए उस्तो हुने थियो आदि विगतका कुराले चिन्ता लिन्छौँ । फेरि भोलि के हुने हो ? कस्तो हुने हो ? असफल हुन्छ कि ? घाटा हुन्छ कि, बिरामी, रोगी भइन्छ कि ? मरिन्छ कि ? ...... आदि कुराले चिन्ता गर्छौँ । हामी विगतमा घटेका घटना र भविष्यमा घट्न सक्ने सम्भावित घटनालाई दिमागमा खेलाएर सधैँ चिन्ता गरिरहन्छौँ । संसारमा कसैले पनि विगतलाई फिर्ता ल्याउन वा सुधार्न सक्दैन न त भविष्यलाई अधीनमा राख्न सक्छ । विगत र भविष्यमा मनलाई लगाउनु भनेको चिन्ता गर्नु हो भने वर्तमानमा मनलाई लगाउनु भनेको चिन्तन गर्नु हो । चिन्ता गरे चिताको नजिक छिटो पुगिन्छ भने चिन्तन गरे सफलताको नजिक छिटो पुगिन्छ । त्यसैले जे हुन्छ राम्रोको लागि हुन्छ भन्ने सोचले सधैँ चिन्तन गर्नेतिर लाग्यौँ भने हाम्रो मनको शान्ति स्थिर हुने दिशामा लाग्छ । गल्ती वा कमजोरीबाट पाठ सिकेर अगाडि बढ्नुपर्छ, कमजोरी र असफलताको भारिलाई सधैँ मस्तिष्कमा बोकेर चिन्तित हुनुहुँदैन ।

मनको शान्ति भङ्ग गर्ने तेस्रो दुश्मन भनेको इर्ष्या हो । आफूसँग जे प्राप्ति भएको छ नदेख्ने मात्रै अरुको डाहा, इर्ष्या, जलन गर्ने बानीले मनमा अशान्ति ल्याउँछ । सधैँ खुसी, सफलता, राम्रो, अनुकूल, नाफा, फाइदा, लाभ, असल मात्रै हुँदैन । प्रकृतिको नियम हेरौँ त, दिन रात, उकालो ओरालो, माथि तल, जीत हार, मिठो, नमिठो, आकाश पाताल, अग्लो होचो, सफलता असफलता हुन्छ । आफूसँग, आफ्नो जे छ जस्तो छ खुसी हुन सक्नुपर्छ । अरुको जीतमा डाहा गर्ने, छिमेकीको घर राम्रो र ठुलो भयो, गरगहना धेरै भए, अर्काका छोराछोरी, श्रीमान्, श्रीमती राम्रा भए धेरै कमाए मेरा भएन भनेर इर्ष्या गर्नु नै मनमा शान्ति भङ्ग गर्नु हो । तसर्थ, हामीले सधैँ बुझ्नुपर्ने कुरा धन, सम्पत्ति, पद, पैसा खुसी, सुख, हार-जीत, सफलता, असफलता सबै अस्थायी पाहुना हुन् । पाहुना आउँछन् जान्छन् भनेझैँ यो अस्थायी जिन्दगीमा सबै वस्तु अस्थायी छन्, सबै एकदिन नस्ट हुन्छ । यी सबै प्रकृतिका उपहार हुन् भनेर महसुस गर्नुपर्छ । यसरी सोच्ने प्रयास थाल्यौँ भने बिस्तारै हाम्रो मन शान्तिको यात्रामा लाग्न सक्छ ।

हाम्रो मनको शान्तिलाई भङ्ग गर्ने दुश्मन रिस, चिन्ता र इर्ष्यालाई हाम्रो नजिक पर्न दिनुहुँदैन । यी तीनवटा हरेक जीवित व्यक्तिसँग हुन्छन् । हामीले सकारात्मकरूपमा व्यवस्थापन गर्ने हो ।

# भनपाद्वारा गुँला बाजा प्रतियोगिताका निर्णायकहरूसँग बैठक



भक्तपुर, ३ वैशाख । भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले प्रतिस्पर्धात्मक भावना विकास गर्न हरेक वर्ष एक वटा बाजा प्रतियोगिता सञ्चालन गर्दै आएको जानकारी गराउँदै गुँला बाजा समूहहरू नगरमा कम हुँदै गइरहेको हुँदा यसको संरक्षण गर्ने हेतुले यस वर्ष खुला प्रतिस्पर्धा गर्न लागेको जानकारी दिनुभयो ।

भनपाको आयोजनामा भएको गुँला बाजा प्रतियोगिताका निर्णायकहरूसँगको बैठकमा बोल्दै उहाँले लोपोन्मुख बाजा र स्थानीय खेलहरूलाई जीवन्त तुल्याउन नपाले नियमितरूपमा प्रशिक्षणहरू सञ्चालन गर्दै आएको बताउनुभयो ।

प्रमुख प्रजापतिले भाषा, कला, संस्कृति संरक्षण नै हाम्रो सभ्यता संरक्षण हो भन्दै नयाँ पुस्तालाई सुसंस्कृत बनाउन युवा पुस्तालाई सीप हस्तान्तरण गर्दै जानुपर्ने बताउनुभयो ।

भक्तपुर नगरपालिका वडा नं. ९ का वडाध्यक्ष एवं सांस्कृतिक बाजा प्रतियोगिता संयोजन समितिका संयोजक रवीन्द्र ज्याख्वले स्थानीय तह निर्वाचनमा गरेको प्रतिबद्धताअनुसार नगरपालिकाले विभिन्न सांस्कृतिक बाजा प्रतियोगिताहरू सञ्चालन गर्दै आएको जानकारी दिँदै यस वर्ष हुने गुँला बाजा प्रतियोगितालाई सांस्कृतिक महोत्सवको रूपमा सञ्चालन गर्नुपर्ने विचार राख्नुभयो ।

उहाँले प्रतियोगितामा सहभागी टोलीहरूले पालना गर्नुपर्ने नियमहरू, मूल्याङ्कनमा गरिने सूचकहरू र प्रतियोगितामा प्रदान गरिने पुरस्कारबारे मूल्याङ्कनकर्ताहरूलाई जानकारी गराउनुभएको थियो । बैठकमा संयोजन समितिका सदस्यहरू तथा काठमाडौँ उपत्यकाभित्रका सांस्कृतिक बाजा गुरुहरूको उपस्थिति थियो ।


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### कर्मचारी आवश्यकतासम्बन्धी सूचना

यस संस्थाको स्वास्थ्य क्लिनिक तथा तालिम हलका लागि रात्रिकालिन सुरक्षा गार्ड करारमा नियुक्ति गर्नुपर्ने भएकोले योग्य नेपाली नागरिकहरूबाट **मिति २०८१ वैशाख १८ गते**भित्र दर्खास्त आह्वान गरिएको छ ।

**विज्ञापन नं. १**

**पद** : रात्रिकालिन सुरक्षा गार्ड, **सङ्ख्या** : १(एक), **न्यूनतम शैक्षिक योग्यता**: साधारण लेखपढ, **परीक्षा** : अन्तर्वार्ता, **वान्छनीय योग्यता** : सरसफाइसम्बन्धी ज्ञान भएको, **उमेर** : ४० वर्ष नाघेको ।

***सम्पर्क मिति : २०८१ वैशाख २० गते, तलब स्केल : संस्थाको नियमानुसार***

**पुनश्च** : परीक्षा मिति, समय र स्थान सम्पर्क मितिमा प्रकाशित गरिने छ ।

### ऋण सुविधा उपयोग गरौं ।

**नव उद्यम ऋण**


◆ स्वदेशमै नयाँ व्यवसाय सुरु गर्न ।
◆ हाल अधिकतम **पचीस लाख**सम्मको लगानी ।

* सर्तहरू लागु हुनेछ ।




व्यवस्थापक

### गतिविधि






सिद्धि गणेश साकोस कार्यालय परिसर, चोर्चा टोल र पलिखेल क्षेत्र सरसफाइ कार्यक्रममा सञ्चालक समिति तथा कर्मचारीहरूको सहभागिता । (वैशाख ३)

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**

चोर्चा-७, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५

Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com

ACCESS BRONZE


# काठमाडौँको वातावरण अझै अस्वस्थ

काठमाडौँ, ३ वैशाख । काठमाडौँ उपत्यकाको वायु अझै अस्वस्थ रहेको पाइएको छ । मुलुकको विभिन्न स्थानमा लागिरहेको वन डढेलो र वर्षा हुन नसक्दा वायुमण्डलमा धुलोको कण रहिरहेकोले वायु अस्वस्थ बनेको हो ।

एयर क्वालिटी इन्डेक्सका अनुसार सोमबार काठमाडौँ उपत्यकाको वायु प्रदूषण एक सय ५२ एक्यूआइ मापन गरिएको छ । सोमबार काठमाडौँ विश्वको पाँचौँ प्रदूषित सहरको रूपमा सूचिकृत छ ।

विपद् व्यवस्थापनविद् डा. धर्मराज उप्रेतीले वायु प्रदूषण नियन्त्रणसम्बन्धी सरकारी नीति राम्रो भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा काठमाडौँ वायु प्रदूषणको हिसाबले प्रदूषित सहरको रूपमा अग्रस्थानमा रहेको बताउनुभएको छ ।

"काठमाडौँमा बढेको प्रदूषणका कारण जनस्वास्थ्यमा असर गर्न सक्छ । प्रदूषणका कारण विभिन्न रोग लाग्न सक्ने भएकोले नियन्त्रणका लागि पहल गर्नुपर्छ", उहाँले भन्नुभयो, "प्रदूषण नियन्त्रणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन गर्न र प्रदूषकलाई कारबाही प्रक्रिया अगाडि बढाउन सक्नुपर्छ र स्थानीय तहलाई पनि सचेत र सबल बनाउन जरुरी छ ।"

काठमाडौँ उपत्यकाको लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना, २०७६ मा नेपाल सरकारले निर्धारण गरेको एक्युआइको मान तीन सयभन्दा बढी भएको अवस्थालाई विपद्को रूपमा लिने बताएको छ । यो विपद् रोक्नको लागि कार्ययोजनामा फोहर बाल्ने कार्य रोक्ने, सडक सफा गर्न ब्रमुर तथा भ्याकुमको प्रयोग व्यापक गर्ने, बालबालिका, ज्येष्ठ नागरिक, बिरामीलाई विशेष सावधानी अपनाउन सार्वजनिक सूचना जारी गर्न कार्ययोजनामा उल्लेख छ ।

राष्ट्रिय वातावरण नीति २०७६ अनुसार प्रदूषण न्यूनीकरण गर्नको लागि जल, वायु, माटो, ध्वनि, विद्युत्-चुम्बकीय तरङ्ग, रेडियोधर्मी विकिरण, जोखिमपूर्ण रासायनिक प्रदूषण रोकथामसम्बन्धी राष्ट्रिय मापदण्ड तयार गरी कार्यान्वयन गरिने सरकारी रणनीति छ । प्रमुख सहरहरू, औद्योगिक प्रतिष्ठानलगायत प्रदूषणको जोखिममा रहेका क्षेत्रमा गुणस्तर मापनकेन्द्र स्थापना र सञ्चालन गर्दै वायु, जल, ध्वनि गुणस्तरको नक्साङ्कन गरिने उल्लेख छ ।



औद्योगिक तथा अन्य क्षेत्रबाट निष्कासन हुने प्रदूषित पानीको प्रशोधनको व्यवस्था गरिने तथा उद्योग र अन्य व्यवसायबाट निष्कासन हुने प्रदूषणयुक्त धुवाँ, धुलो, पानीलाई व्यवस्थित गर्न वातावरणमैत्री प्रविधि कार्यान्वयनमा ल्याइने नीतिमा उल्लेख छ । घरभित्रको वायु प्रदूषणलाई न्यूनीकरण गर्नको लागि सौर्य चुल्हो, विद्युतीय चुल्हो, बायोग्यास, सुधारिएको चुल्हो, चिम्नीजस्ता उपकरणको प्रवर्द्धन गरिनेछ र ऊर्जा किफायती भवन निर्माणमा जोड दिने नीति छ ।

वातावरण अभियन्ता वर्षा पराजुलीले भएका नीति कार्यान्वयन प्रभावकारी नभए भावी पुस्ताले अझै प्रदूषित वातावरणमा बाँच्नुपर्ने भन्दै सतर्कता अपनाउन र नीतिको प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको छ ।

संविधानले स्वच्छ वातावरणमा बाँच्न पाउनु नागरिकको मौलिक हकको रूपमा व्यवस्था गरेको छ । काठमाडौँ उपत्यकाको वायु साँच्चिकै हानिकारक र यसको गुणस्तर खस्किनेक्रम तीव्ररूपमा निरन्तर बढिरहेकोसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अध्ययन प्रतिवेदन आइरहेका छन् ।

सार्वजनिक 'इन्भाएरोमेन्ट परफर्मेन्स इन्डेक्स' २०१८ को १८० मुलुकमा गरिएको अध्ययनमा वायु प्रदूषण बढी भएका पाँच राष्ट्रको सूचीमा नेपाल परेको छ । वातावरण विभागले उपत्यकालाई लक्षित गरी धुलिखेल, पुल्चोक, रत्नपार्क, त्रिभुवन विश्वविद्यालय कीर्तिपुर, सैँबु, सैनिक विद्यालय भक्तपुरमा प्रदूषण मापनकेन्द्र स्थापना गरेको छ । सेन्ट्रल सिस्टममा डाटा जाने र सर्वसाधारणले प्रदूषण अवस्थाको जानकारी लिनसक्ने व्यवस्था मिलाइएको छ । रासस

# नियमावली संशोधन हुँदा अधिकांश न्यायाधीश चिन्तित

काठमाडौँ, ३ वैशाख । नेपाल बार एशोसिएसनका अध्यक्ष गोपालकृष्ण घिमिरेले न्यायपरिषद् नियमावली, २०७४ को (पहिलो संशोधन, २०८०) का कारण अधिकांश न्यायाधीश चिन्तामा परेको बताउनुभएको छ ।

बारमा सोमबार आयोजित पत्रकार सम्मेलनमा उहाँले उक्त नियमावली संशोधनपछि ९० प्रतिशत न्यायाधीश चिन्तामा परेको भन्दै बार चुप लागेर बस्ने अवस्था नभएको उल्लेख गर्नुभयो ।

"न्यायपरिषद् नियमावली संशोधनका कारण ९० प्रतिशत न्यायाधीशहरू चिन्तामा पर्नुभएको अवस्था छ", अध्यक्ष घिमिरेले भन्नुभयो ।

बारले सर्वोच्च अदालतका न्यायाधीशको कार्यकाल सात वर्षको रहने गरी व्यवस्था गर्नुपर्ने, न्यायपालिकामा हुनसक्ने विसङ्गति, अनियमितता र भ्रष्टाचार एवम् बिचौलियाबाट हुनसक्ने क्रियाकलाप र त्यसको रोकथामसम्बन्धी हरिकृष्ण कार्कीको प्रतिवेदन कार्यान्वयन गर्नुपर्ने माग गरेको छ ।

अन्य प्रतिवेदन कार्यान्वयनका लागि न्यायपालिकाको पुनःसंरचनालगायतका विषयमा आगामी राष्ट्रिय सम्मेलनमा प्रस्तावको लागि छलफल गरी निर्णय गर्ने उद्देश्यको लागि वरिष्ठ अधिवक्ता पूर्णमान शाक्यको संयोजकत्वमा नौ सदस्यीय अध्ययन तथा सुझाव समिति गठन गरी कार्य प्रारम्भ गरेको जनाइएको छ ।

उक्त समितिको सदस्यमा वरिष्ठ अधिवक्ताहरूमा मुक्ति प्रधान, सविता भण्डारी बराल, डा. चन्द्रकान्त ज्ञवाली, रमेश वडाल, अधिवक्ताहरू खम्मबहादुर खाती, पंकज कर्ण, अधिवक्ता दीपेन्द्र झा र यज्ञमणि न्यौपाने रहनुभएको छ । रासस

***किम...***

बताउनुभयो । "यसले विश्व क्रान्तिकारी जनतालाई ठुलो आत्मविश्वास र साहस दिन्छ," उहाँले भन्नुभयो ।

विश्वभर जुछेको विचारलाई पछ्याउने जोश बढ्दै गएको बताउँदै उहाँले साम्राज्यवादविरोधी स्वतन्त्र शक्तिहरू एकजुट भएर अघि बढ्नुपर्ने समयको माग रहेको र महान् विचारले सङ्केत गरेको बाटोमा अघि बढे मात्रै विश्वव्यापी स्वतन्त्रताको पक्षमा विजय हासिल हुने बनाउनुभयो ।

सेमिनारमा 'महान् कमरेड किम जोङ उनको क्रान्तिकारी विचारधारा स्वतन्त्रता र न्यायको रक्षा गर्ने र मानव जातिको उज्यालो भविष्यको ग्यारेन्टी गर्ने अमर झन्डा हो', 'एकता र न्यायको माध्यमबाट स्वतन्त्रता र न्यायको नयाँ विश्व निर्माण गरौँ' जस्ता विषयवस्तुमा लेखहरू वाचन गरी सुनाइएको थियो । "सहयोग, स्वतन्त्रता, न्याय र मानवजातिको भविष्य र अफ्रिकी देशहरूले नव-औपनिवेशिकताविरुद्ध सङ्घर्ष गर्नुपर्छ र स्वतन्त्र विचारलाई आफ्नो दिशानिर्देशको रूपमा लिनुपर्छ ।"

राष्ट्रको जीवन र देशको समृद्धिको लागि स्वतन्त्रता नै एक मात्र माध्यम हो र यो इतिहासले प्रमाणित गरेको सत्य भएको बताउँदै वक्ताहरूले स्वतन्त्रता कायम भएमा नै राष्ट्रको वास्तविक स्वाभिमान सुनिश्चित हुने र नयाँ पुस्ताको सुखी भविष्य निर्माण गर्न सकिने बताए ।

उनीहरूले सर्वसम्मतिले साम्राज्यवादविरोधी स्वतन्त्र शक्तिहरूलाई बलियो बनाउने एउटा महत्त्वपूर्ण उपाय अमेरिकी साम्राज्यवादी र प्रतिक्रियावादीहरूको उच्च हात र स्वेच्छाचारी अभ्यासहरूलाई अन्तर्राष्ट्रिय जगतमा सामना गर्ने सङ्घर्षको वातावरणलाई थप उचाइमा पुऱ्याउन चाहने सबै देशहरूसँग ऐक्यबद्धतालाई तीव्रता दिनु रहेको बताए ।

वक्ताहरूले जुछे विचारलाई विश्वव्यापी स्तरमा अझ सक्रियरूपमा अध्ययन गर्न र फैलाउने प्रण व्यक्त गरे ।

विचार गोष्ठीमा कमरेड किम जोङ उनलाई लेखिएको पत्र पारित गरियो ।

***सत्तारुढ...***

पार्टीको पनि अस्पष्ट देखिएको छ । सत्ता समीकरणमा प्रम पुष्पकमल दाहाल र एमाले अध्यक्ष केपी शर्मा ओलीको मात्रै हाबी भयो भन्दै सत्ता समीकरणमा रहेको एकीकृत समाजवादी प्रदेश सरकार गठनको सन्दर्भमा अन्य दलको समर्थनमा जुटेको छ । सुदूरपश्चिम सरकार निर्माणमा एकीकृत समाजवादीले काङ्ग्रेससहितको दललाई समर्थन गरेको छ । नेकपा एस प्रदेश प्रमुखहरू एमाले र माओवादीको भागमा परेको कारण विश्वासघात भयो भन्दै सत्ता समीकरणको पक्षमा नगई नेकासमेतको गठबन्धनमा पुगेको हो । समाचार स्रोतअनुसार सहमतिमा नेकपा एसले सुदूरपश्चिममा मुख्य मन्त्री पाउनुपर्ने थियो । तर पाइएन । यसको असर केन्द्रीय सरकारमा पनि पर्ने आशङ्का गरिएको छ । सत्ता समीकरणमा रहेका दलका नेताहरूको सत्तारुढ दलका नेताहरूसँगको भेटघाटले सत्ता फेरि हेरफेर हुने हो कि भनी शङ्का हुनु स्वाभाविक हो । यसरी सरकार हेरफेरको सन्दर्भमा शासकका दलका नेताहरूबिच जहिल्यै भागबन्डाको निम्ति मरिहत्ते गर्ने राजनीतिले देशमा अस्थिरता, सङ्क्रमण र सङ्कट निम्त्याएको हो । यसमा शासक दलका नेताहरू नै जिम्मेवार छन् ।

प्रकाशक तथा कार्यकारी सम्पादक : उद्धव सुजखु ★ सम्पादक : विष्णुगोपाल कुसी ★ कार्यालय : कमलविनायक, भक्तपुर ★ फोन नं. ६६१०९२१, विज्ञापन शाखा - ६६१९१०७/६६२०५५९ फ्याक्स : ६६१३२०७ ★ E-mail: majdurdaily@gmail.com ★ मुद्रक : सिद्धिगणेश अफसेट प्रेस, चोर्चा